प्रभाव दैनिक
National Daily

गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार,
अशिक्षा, जातीय भेद्भाव हाम्रा शत्रु
हुन् । यसका विरूद्ध सबै सचेत,
सजग र क्रियाशिल रहनु पर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

वर्ष ८ अंक ८० काठमाडौं बुधबार, ३० असार २०७८ Prabhab National Daily, Wednesday, July 14, 2021 URL www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-

सन्दर्भः वैदेशिक रोजगार

कोरियामा कार्यरत श्रमिकको तलब वृद्धि

■ प्रभाव संवाददाता

काठमाडौं– दक्षिण कोरियामा कार्यरत स्वदेशी तथा विदेशी श्रमिकको पारिश्रमिकमा ५ प्रतिशतले वृद्धि गरिएको छ । सोमबार बसेको ज्याला निर्धारण समितिको बैठकले श्रमिकले पाउँदै आएको तलबमा ५ प्रतिशतले वृद्धि गरेको हो ।

कोरियामा कार्यरत श्रमिकको तलबमा प्रतिघन्टा ४ सय ४० कोरियन वन वृद्धि गरिएको छ । वृद्धि गरिएको तलब कार्यान्वयनमा आएपछि कोरियामा कार्यरत श्रमिकले प्रतिघन्टा ९ हजार १ सय ६० कोरियन वन पारिश्रमिक पाउने छन् । अघिले कोरियामा काम गर्ने श्रमिकले प्रतिघन्टा ८ हजार ७ सय २० कोरियन वन तलब पाउँदै आएका छन् । वृद्धि गरिएको तलब सन् २०२२ देखि लागू हुने जनाइएको छ । यसबाट कोरियामा कार्यरत नेपाली श्रमिकहरू पनि लाभान्वित हुने छन् ।

बढेको तलबअनुसार हप्तामा ५ दिन र दैनिक ८ घन्टा मात्र काम गर्ने श्रमिकले पनि मासिक १९ लाख १४ हजार ४ सय ४० वन पारिश्रमिक पाउने छन् । जुन नेपाली रूपैयाँ करिब २ लाख बराबर हुन आउँछ । न्यूनतम ज्याला निर्धारण समितिको बैठकमा मजदुरका तर्फबाट प्रतिनिधित्व गर्नेहरूले प्रतिघन्टा १० हजार कोरियन वन बनाउनु पर्ने माग राखेका थिए । तर, व्यवसायीका प्रतिनिधिले कोरोनाको महामारीको कारण देखाउँदै पहिलेकै तबल कायम राख्नु पर्ने अडान लिएका थिए ।

कोरियाको न्यूनतम ज्याला निर्धारण समिति ९ सदस्यीय रहने व्यवस्था रहेको छ । जसमा मजदुरका प्रतिनिधि, कम्पनी व्यवसायी र सर्वसाधारणका प्रतिनिधिहरू रहने गर्दछन् ।

मजदुरका प्रतिनिधि र व्यवसायीका प्रतिनिधिबीच निष्कर्ष निस्किन नसकेपछि सर्वसाधारणबाट प्रतिनिधित्व गर्ने व्यक्तिहरूले मध्यमार्गी बाटो सुझाएको र त्यसैमा सहमति भएको जनाइएको छ । प्रतिघन्टा वृद्धि भएको रकम ४ सय ४० वनको ५.०४६ भए पनि ज्याला निर्धारण समितिले ५.१ प्रतिशत मानेको छ । न्यूनतम ज्याला निर्धारण समितिले बढेको ज्याला कोरियाको श्रम मन्त्रालयमा सिफारिस गरेपछि कानुनी रूपमा श्रम मन्त्रालयले ५ अगस्टमा ज्याला घोषणा गर्नेछ ।

कोरोनाका कारण ४ सय ४७ जनाको मृत्यु

■ प्रभाव संवाददाता

काठमाडौं– विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण विदेशमा ४ सय ४७ जना नेपालीको मृत्यु भएको छ । हालसम्म विश्वका २८ मुलुकमा ४ सय ४७ जना नेपालीको ज्यान गएको हो ।

पछिल्लो एक महिनाको अवधिमा कोरोनाका कारण १२ जना नेपालीले विदेशमा ज्यान गमाएको गैरआवासीय नेपाली संघ (एनआरएनए) को तथ्यांकले देखाएको छ । पछिल्लो एक महिनामा ज्यान गुमाउने सबै १२ जना साउदी अरबमा कार्यरत नेपाली रहेको बताइएको छ । एनआरएनए अन्तर्गतको स्वास्थ्य समितिका अनुसार हालसम्म ५४ देशमा रहेका नेपालीहरूका कोरोना संक्रमण पुष्टि भएको छ । ती ५४ देशमा रहेका १ लाख १६ हजार ६० जना नेपालीमा कोरोना संक्रमण पुष्टि भएको एनआरएनएले जनाएको छ । संक्रमण पुष्टि भएकामध्ये १ लाख ११ हजार ४७ जना नेपाली कोरोनामुक्त भएका छन् ।

विदेशमा कोरोना संक्रमण भएकामध्ये ९५ प्रतिशत नेपाली कोरोना संक्रमण मुक्त भएको एनआरएनएले जनाएको छ । पछिल्लो एक महिनाको अवधिमा अष्ट्रेलिया, साउदी अरब, भारतलगायत देशमा रहेका नेपालीमा कोरोना संक्रमण पुष्टि भएको छ । यो तथ्यांक शनिबार अर्थात १० जुलाईसम्मको हो ।

देउवा पाँचौंपटक प्रधानमन्त्री

■ प्रभाव संवाददाता

काठमाडौं– नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पाँचौंपटक मुलुकको प्रमुख कार्यकारी पद प्रधानमन्त्रीमा नियुक्त भएका छन् । सर्वोच्च अदालतले सोमबार देउवालाई २८ घन्टाभित्र प्रधानमन्त्री पदमा नियुक्त गर्न परमादेश जारी गरेसँगै राष्ट्रपति विद्यादेवी भण्डारीले मंगलबार प्रधानमन्त्री पदमा नियुक्त गरेकी हुन् । नियुक्तिसँगै आइतबार नै पद तथा गोपनीयताको शपथग्रहण गरेका छन् ।

प्रधानमन्त्री देउवाले मंगलबार नै सानो आकारको मन्त्रिमण्डल गठन गरेका छन् । कांग्रेसबाट दुई र नेकपा माओवादी केन्द्रका दुई जनाले मन्त्री पदको शपथ लिएका छन् । कांग्रेसका बालकृष्ण खाँणले गृह तथा ज्ञानेन्द्रबहादुर कार्कीले कानुन मन्त्रालयको जिम्मेवारी पाएका छन् । त्यस्तै, माओवादी केन्द्रका जनार्दन शर्माले अर्थ र पम्फा भुसालले ऊर्जा मन्त्रालयको जिम्मेवारी सम्हालेका छन् ।

को हुन्, पाँचौपटक सत्तारोहण गर्ने देउवा

यसअघिको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको बेला प्रधानमन्त्री देउवाले आफूलाई ज्योतिषीले सातपटक प्रधानमन्त्री हुने बताएको भनेका थिए । त्यत्तिबेलै र निर्वाचनको परिणामपछि उनको उक्त अभिव्यक्तिलाई धैरैले हाँसोको विषय बनाएका थिए । तर, निर्वाचनमा नेकपा एमालेभन्दा करिब आधा मात्र स्थानमा पार्टीलाई विजय गराउन सकेका उनी पाँचौंपटक मुलुकको कार्यकारी पदमा पुगेका छन् ।

२००३ सालमा डडेल्धुराको असीग्राममा जन्मिएका देउवाले स्थानीय असीग्राम प्राविबाटै प्रारम्भिक शिक्षा हासिल गरेका थिए । डोटीको सीताराम माविबाट माध्यमिक शिक्षा पूरा गरेका देउवा विद्यार्थी राजनीतिबाट उदाएका नेता हुन् । उच्च शिक्षाका लागि काठमाडौंको त्रिचन्द्र क्याम्पसमा भर्ना भएसँगै देउवा राजनीतिक गतिविधिमा क्रियाशील हुन थालेका थिए । १ पुस ०१७ को कदमविरुद्ध संघर्षमा रहेको नेपाली कांग्रेसको विचारबाट प्रभावित देउवा आफूलाई 'डेमोक्रेट' भन्न रुचाउँथे ।

नेपाल विद्यार्थी संघको स्थापनापूर्व नै विद्यार्थी राजनीतिमा क्रियाशीलता बढाएका देउवा ०२८ सालमा नेविसंघको सभापति बने । राजनीतिक जीवनकालमा पटक-पटक गरी १० वर्षभन्दा बढी समय जेल जीवन बिताएका देउवाले राजनीतिशास्त्रमा स्नातकोत्तर र कानुनमा पनि स्नातक गरेका छन् । उनी ०४८ सालदेखि यताका सबै निर्वाचनमा अपराजित छन् । गृहजिल्ला डडेल्धुराबाट लगातार ६ पटकसम्म निर्वाचन जितेका देउवा ०७२ साल फागुनमा सम्पन्न कांग्रेसको १३औं महाधिवेशनबाट पार्टी सभापति बन्न सफल भएका थिए । ०४८ सालमा गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा गृहमन्त्री रहेका देउवा ०५२ सालमा पहिलोपटक प्रधानमन्त्री बनेका थिए ।

मनमोहन अधिकारी नेतृत्वको पहिलो कम्युनिस्ट सरकार ढलेपछि देउवाले सरकारको नेतृत्व गर्ने अवसर पाएका थिए । ०५८ मा दोस्रोपटक प्रधानमन्त्री बनेका देउवालाई तत्कालीन राजा ज्ञानेन्द्र शाहले १८ असोज ०५९ मा अपदस्त गरेका थिए । ०६१ मा तत्कालीन राजा ज्ञानेन्द्रले नै देउवालाई नै पुनः प्रधानमन्त्रीमा नियुक्त गरे । यद्यपि १९ माघ ०६१ मा ज्ञानेन्द्रले दोस्रोपटक 'असक्षम' भनेर हटाएका थिए ।

त्यसपछि केपी ओली नेतृत्वको एमाले-माओवादी गठबन्धन सरकार ढालेर पुष्पकमल दाहाललाई प्रधानमन्त्री बनाएका देउवाले माओवादीकै समर्थनमा ०७४ जेठमा चौंथोपटक प्रधानमन्त्री बनेका थिए ।

दुई संस्थाबीच खटपटको संकेत

कांग्रेस सभापति देउवाले यसअघि ७ जेठमा नेपालको संविधानको धारा ७६ (५) अनुसार प्रतिनिधिसभाका बहुमत सदस्यको समर्थनसहित प्रधानमन्त्री पदमा दाबी गरेका थिए । उनले १४९ जना सांसदको हस्ताक्षरसहितको पत्र बोकेर राष्ट्रपति कार्यालयमा प्रधानमन्त्री पदमा दाबी गर्न गएका थिए । तर, नेकपा एमालेका अध्यक्ष केपी ओली उनीभन्दा पहिले नै नेकपा एमालको १२१ र जनता समाजवादी पार्टीको ३२ सांसदको समर्थन रहेको दाबीसहित प्रधानमन्त्री पदमा दाबी गर्न पुगिसकेका थिए ।

ओली र देउवाको दाबीपछि राष्ट्रपति भण्डारीले दुवैको दाबी नपुगेको ठहर गर्दै प्रधानमन्त्री पदमा नियुक्त गर्न अस्विकार गरिन् । त्यसलगत्तै बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रपतिसमक्ष प्रतिनिधिसभा विघटनको सिफारिस गरेको थियो । त्यसपछि ८ जेठमा राष्ट्रपति भण्डारीले प्रतिनिधिसभा विघटन गर्दै आगामी २६ कात्तिक र ३ मंसिरमा निर्वाचन घोषणा गरेकी थिइन् ।

राष्ट्रपतिको उक्त कदमको विरोधमा सभापति देउवासहितका १४६ जना सांसदले सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए । उनीहरूले प्रतिनिधिसभा पुनर्स्थापना र देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्न माग गरेको परमादेश सर्वोच्चले जारी गरेको हो । उक्त मुद्दाको सोमबार फैसला सुनाउँदै सर्वोच्चले प्रतिनिधिसभा पुनर्स्थापना र देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्न परमादेश जारी गर्दै एकसाताभित्र संसद बैठक बोलाउन पनि आदेश दिएको थियो ।

उक्त फैसलाको एमालेले विरोध गरेको छ । सर्वोच्चले राजनीतिक तवरको फैसला दिएको, राजनीतिलाई अस्थिर बनाएको, निर्दलीय व्यवस्थाको सुरुआत गरेको एमालेको ठहर छ । सर्वोच्चको आदेशपछि धेरैले राष्ट्रपतिले आदेश कार्यान्वयन नगर्नेसमेत आशंका गरेको थिए । तर, राष्ट्रपतिले आदेश कार्यान्वयन त गरिन् तर, खुला दिलले फैसलाको कार्यान्वयन नगरेको टिकाटिप्पणी हुन थालेको छ । कांग्रेस सभापति देउवा प्रधानमन्त्रीमा नियुक्त गरेको राष्ट्रपति कार्यालयले संविधानको धारा नखुलाएकाले त्यस्तो टिप्पणी गरिएको हो । उनलाई प्रधानमन्त्रीमा नियुक्त गरिएको जानकारी दिन गरिएको प्रेस विज्ञप्तिमा 'सर्वोच्च अदालतको फैसलाअनुसार' नियुक्त गरिएको उल्लेख गरिएको छ । संविधानको धाराअनुसार प्रधानमन्त्रीमा नियुक्त गर्नका लागि प्रतिनिधिसभाबाट आउनुपर्ने, तर देउवा अदालतको फैसलाअनुसार नियुक्त गरिएकाले सोही व्यहोरा लेखिएको राष्ट्रपति कार्यालयले जनाएको छ ।

तर, राष्ट्रपतिको भाषामा सहमति जनाउँदै देउवाले शपथ नलिने अडान राखेका थिए । उनले मुख्यसचिव शंकरदास बैरागीलाई आफ्नो निवासमै बोलाएर विज्ञप्तिको भाषा सच्याउन निर्देशन दिएका थिए । देउवाले धारा ७६(५) अनुसार नियुक्ति गरिएको उल्लेख नगरेसम्म शपथ नलिने अडान लिएपछि शपथग्रहण समारोह निर्धारित समयभन्दा दुई घन्टा ढिलो भएको थियो । पछि राष्ट्रपति अदालतको परमादेश र संविधानको धारा ७६(५) अनुसार नियुक्त गरिएको बताएपछि देउवाले शपथ लिएका थिए । देउवाको शपथग्रहण कार्यक्रममा पूर्वप्रधानमन्त्री केपी ओली र जसपा नेता महन्थ ठाकुर भने सहभागी भएका थिएनन् ।

ओलीको देशबासीका नाममा सम्बोधन

'अदालतले राजनीतिक फैसला गऱ्यो'

■ प्रभाव संवाददाता

काठमाडौं– निवर्तमान प्रधानमन्त्री केपी ओलीले सर्वोच्च अदालतले अत्यधिक न्यायिक सक्रियतासहित राजनीतिक विषयमा हात हालेर दलीय व्यवस्थामाथि धक्का दिन खोजेको टिप्पणी गरेका छन् । देशबासीका नाममा मंगलबार सम्बोधनका क्रममा उनले कहिलेकाँही मागै नभएका विषयमा पनि हात हालेर गन्तव्यमा पुग्न नसकिने जनाएका हुन् । 'खेल खेल्ने जिम्मेवारी खेलाडीहरूको हो तर रेफ्री आफैँले खेल खेल्ने चाहना राखेमा समस्या हुन्छ । अदालतको फैसलाबाट दलीय प्रणालीमाथि धक्का दिइएको छ । संविधान संशोधन गराउन खोजिएको छ । राज्यका अंगहरूमाथि जनताको विश्वास गुम्ने र जनतामा नैराश्य उत्पन्न भई भयावह दुष्परिणाम ल्याउन सक्ने स्थिति पैदा गराइएको छ,' उनले भने ।

'मेरो अटल विश्वास जनतामाथि छ । यो नै अन्तिम होइन । सरकारबाट बाहिरिनु परेकामा मलाई रत्तिभर चिन्ता छैन, मैले देश र जनताको हित र सेवालाई ध्यानमा राखेर सम्पूर्ण इमान्दारी तथा विकासलाई नयाँ सोचसहित असाधारणरूपमा अगाडि बढाएँ,' उनले भने, 'प्रतिकूल अवस्थामा पनि महामारी नियन्त्रणमा प्रभावकारी काम गर्न सफल भएका छौं । मलाई प्रचार गर्नु छैन, देश र जनताका लागि काम गर्नु छ । म जहाँ रहेर पनि त्यही भूमिका निर्वाह गर्नेछु ।'

ओलीले राष्ट्रिय सार्वभौमसत्ता र देशको स्वाधीनतालाई सबल बनाउँदै जानुपर्नेमा त्यस्तो नहुन नसकी राजनीतिलाई विपरीत दिशातर्फ लान खोजिएको आरोप लगाउँदै प्रतिनिधिसभाको बाँकी कार्यकाल सफल होस् र समयमा निर्वाचन होस् भन्ने आफ्नो चाहना भएको बताए । प्रधानमन्त्री ओलीले विगतका राजनीतिक दृष्टान्तका आधारमा पात्र र प्रवृत्तिलाई चिन्न गाह्रो नहुने भएकाले लोकतन्त्र र विधिका शासनमा कुनै दरार त आउने होइन भन्ने प्रश्न खडा भएको टिप्पणी गरे ।

आफूले लोकतन्त्रका लागि सात दशक व्यतीत गरेको स्मरण गर्दै उनले राजनीतिकबाहेक अराजनीतिक खालका अनुचित हथ्कण्डा आफूबाट कल्पनासमेत हुन नसक्ने स्पष्ट गरेका छन् । 'मेरो मनमस्तिष्कमा देशको, सुरक्षा, सार्वभौमसत्ता र स्वाधीनता, विकास, सुशासन, सभ्य समाज, सामाजिक न्यायसहितको समृद्धिबाहेक अर्को कुनै विषय छैन,' ओलीले भने, 'नेपाललाई सुन्दर र समृद्ध बनाउन लोकतान्त्रिक प्रणाली र त्यसअनुसारको इमान्दार अठोट चाहिन्छ, योबाहेक मेरो कुनै व्यक्तिगत स्वार्थ छैन । म सरकारमा जाँदा वा बाहिरिँदा जनतालाई सर्वाधिकारसम्पन्न ठान्छु तर आज म अदालतको आदेशबाट बाहिरिएको छु । मेरो लोकतन्त्रप्रतिको निष्ठा र आसा तथा देश र जनता प्रतिको माया कमजोर हुने छैन ।'

निवर्तमान प्रधानमन्त्री ओलीले घेराबन्दी र असहयोगका बीच राष्ट्रियता, विकास र समृद्धिका लागि वर्तमान सरकारले काम गरेको पनि दाबी गरेका छन् । उनले आफू नेतृत्वको सरकारलाई सहयोग नगर्ने, आफ्नैभित्रबाट समेत भएका उपलब्धिको चर्चा नगर्ने र नकारात्मक टिप्पणी मात्रै गर्ने प्रवृत्तिका बीच सरकारले यस अवधिमा नयाँ संविधान कार्यान्वयनमा ल्याई संघीयतालाई सुदृढीकरण गर्दै भौतिक पूर्वाधार र विकास निर्माणलाई तीव्र बनाएको स्पष्ट जिकिर गरे । उनले कोरोना महामारी तथा बाढीपहिराबाट जीवन गुमाएकाप्रति श्रद्धाञ्जलि दिँदै सरकारले बिरामी एवं घाइते सबैको निःशुल्क उपचार गराइरहेको तथा पुनःनिर्माण र अन्य पूर्वाधार तथा सामाजिक विकासका लागि स्पष्ट योजना र कार्यक्रमसहित अघि बढेको बताए ।

निवर्तमान ओलीले देश कोभिड महामारीबाट आक्रान्त भइरहेका बेला कत्ति पनि समय खर्च नगरेर एकताका लागि महामारी रोकथाम र राष्ट्रको विकासका काम गर्नुपर्नेमा मुलुकमा असमझदारी र द्वन्द्व सिर्जना गरेर मुलुकलाई असफल बनाउने गम्भीर षड्यन्त्रप्रति सबैको ध्यानाकर्षण गराएका छन् । उनले आफू नेतृत्वको सरकारले नागरिकका लागि खोपको व्यवस्थापन गरिसकेको दाबी गर्दै भोलि नयाँ सरकारले आफूले ल्याएको खोप लगाइदिएर यी आउनेवित्तिकै खोप लगायौं भनेर प्रचार गर्ने भविश्यवाणी गरे ।



NOVEL CORONA VIRUS (nCOV)

सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

- नियमित रूपमा साबुन-पानीले हात धुने ।
- खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

प्रभाव राष्ट्रिय दैनिकद्वारा जनहितका लागि प्रकाशित

मेलम्ची क्षतिको अध्ययन सुरु

■ प्रभाव संवाददाता

काठमाडौं– यही १ असारमा आएको बाढीले राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजनामा पुऱ्याएको क्षतिको औपचारिक अध्ययन सुरु गरिएको छ । वर्षायाम जारी रहेकाले तत्काल मर्मतको सम्भावना नरहे पनि क्षतिको अध्ययन गरेर सुधारको योजना थालिएको छ । आयोजनाले बाढीले हालसम्म कति क्षति पुऱ्यायो भन्ने यकिन गर्न सकेको छैन । स्थलगत अवलोकनका लागि आयोजनास्थलसम्म पुग्न नसकेको आयोजनाले अब प्रविधिको साहाराले अध्ययन थाल्ने तयारी गरेको हो ।

बाढीले आयोजनास्थल पुग्ने सडक र पुलसमेत भत्काइदिएको छ । जसले गर्दा क्षतिको अवलोकनका लागि प्राविधिकहरू पुग्न सकेका छैनन् । सवारी आवागमन बन्द भएको र हिँडेर जान संभव नभएकाले अब ड्रोन क्यामरामार्फत अध्ययन गरी क्षतिको अनुमान गर्न थालिएको हो । धेरै संरचना नदीजन्य पदार्थले पुरिएको भए पनि कतिपय पदार्थ पुनः नदीले बगाएकाले क्षति बाहिर देखिन थालेको अध्ययनका क्रममा पाइएको छ । प्राविधिक टोलीले घटनास्थल पुगेर र मेलम्ची खानेपानी विकास समितिले ड्रोनमार्फत गरेको सर्वेक्षणमा केही संरचनामा क्षति पुगेको देखिएको छ ।

बाढीले ल्याएको ठूलो ढुंगा मुख्य बाँधको 'इनटेक'को भागमा ठोकिएको र त्यसले क्षति पुऱ्याएको पाइएको छ । मेलम्ची खानेपानी विकास समितिका इञ्जिनीयरसहितको टोलीले यहाँ पुगेर यसको अध्ययन थालेको छ । यो अध्ययनबाट ठूलो ढुंगाले संरचनामा क्षति पुऱ्याएको देखिएको छ । 'हेडवर्क' को संरचना निरीक्षण गर्दा बाढी आउनासाथ मेलम्ची नदीले १० देखि २० मिटर नदीजन्य पदार्थ थुपारेर संरचना पुरेको पाइएको आयोजनाका प्रवक्ता राजेन्द्रप्रसाद पन्तले बताएका छन् । उनका अनुसार अहिले नदीले नै लेदो बगाएकाले त्यहाँका संरचना केही देखिएको छ ।

मेलम्ची नदीमा आएको बाढीका कारण मेलम्ची खानेपानी आयोजनामा क्षति पुगेको झण्डै एक महिनापछि इञ्जिनियरद्वय शेखर खनाल र निरज गुप्ता, परामर्शदाता कम्पनी र निर्माण कम्पनीका प्रतिनिधिसँग निर्माणस्थल पुगेका थिए । केही सातादेखि 'हेडवर्क' पुग्न प्रयास गरिएकामा यस पटक सम्भव भएको हो ।

अहिलेसम्म हेर्दा सो आयाजनामा झन्डै रु एक अर्ब ८० करोडको क्षति भएको छ । अब त्यहाँ कति समयपछि काम गर्न सकिन्छ र कसलाई काम गराउने भन्ने निर्णय गर्न बाँकी रहेको प्रवक्ता पन्तले बताए । यो काम कसरी गर्न सकिन्छ भन्ने छलफल भइरहेको छ । उनले भने, 'तर, सडक र पुल बनाउने काम पहिले हुनुपर्ने भएकाले कहिलेसम्म गर्न सकिन्छ भन्न सकिने अवस्था छैन ।'

पहिले निर्माणस्थलमा पुग्न सडक नै बन्नुपर्छ भने त्यसपछि मात्रै पुरिएका संरचना सफा गर्न सकिने समितिले जनाएको छ । अहिले धेरै नदीजन्य पदार्थ थुपारिएकामा त्यो सफा गर्ने काम कति समयमा सकिन्छ भनी छलफल भइरहेको छ । आयोजनामा दुईपटक ड्रोनबाट सर्वेक्षण भइसकेको छ । पहिलोपटक बाढी आएको भोलिपल्ट २ असारमा समितिले र पछिल्लो पटक परामर्शदाता कम्पनीले सर्वेक्षण गरेको हो । सामान्यतया अरु आयोजनामा त्यसको पूर्व सर्वेक्षणमा ड्रोन क्यामराको प्रयोग हुँदै आएको छ । आयोजनामा तत्काल मान्छे जाने अवस्था नभएकाले र आयोजनाको क्षतिको विवरण जानकारी पाउन प्रविधिको प्रयोग गरिएको थियो ।

सो स्थानमा लामो समयसम्म नदीले धार कहिले दायाँ र कहिले बायाँ गरेर जोखिम भएकाले प्राविधिक पठाएर परीक्षण गरिएको थियो । पहिले समितिले ड्रोनलाई हेलिकप्टरबाट राखेर अपरेटरसहित निरीक्षण गरेको थियो । पछिल्लोपटक परामर्शदाताबाट अर्को चरणमा निरीक्षण भएको छ । उनले भने, 'अहिले क्षतिको यकीन गरेर त्यसअनुसार योजना बनाउन खोजिएको हो ।'

वर्षा सकिएपछि तत्काल अस्थायी वा स्थायी सडक र पुल सकेसम्म चाँडो निर्माण गरेर निर्माणस्थल पुगेमा आयोजनाको पुनःनिर्माण सुरु गर्न सकिनेछ । अस्थायी संरचना बनाउँदा आयोजनामा आवश्यक उपकरण लैजान सकिने उनले बताए । सडक विभागले विशेष महत्त्वका साथ स्थायी संरचना नै बनाउन चाहेमा आयोजना र स्थानीयवासी दुवैलाई सजिलो हुनेछ । सडक तत्काल खुलाउने विषयमा स्थानीय सरकारको समेत सहयोग आवश्यक रहेको उनले बताए ।

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **DELTA PORTS FOR LOGISTICS SERVICES EST**

पूर्व स्वीकृति मिति २०७७/१२/०९ पून विज्ञापन स्वीकृति मिति २०७८/03/२९ LT. No. 234900 चलानी नं. ६०१५८१६६

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	Truck Drive	2	0	1800	५७,१४५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता संस्थाको कार्यालयमा श्रावण ६ गते (21th July 2021) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Al-Hera Overseas Pvt. Ltd. श्रम ईजाजत नं. ५०१/०६१/०६२

Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601
E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com,
khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com

कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL BARAHA SUPER MARKET**

पूर्व स्वीकृति मिति :२०७८/03/२८ LT. No. 242328 चलानी नं. ६०१५००८२

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	QR	ने.रू.							
1	LABOURER	1	0	1000	३२,६८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	SALESMAN	1	0	1500	४९,०२०							

कम्पनी : **AL MERSAL SHOPPING COMPLEX**

पूर्व स्वीकृति मिति :२०७८/03/२८ LT. No. 242324 चलानी नं.६०१५६०८३

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	QR	ने.रू.							
1	SALESMAN	2	0	1300	४२,४८५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा श्रावण ६ गते (21th July. 2021) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	कामदार आफैंले	कामदार आफैंले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Jasmine Overseas Pvt. Ltd. (Avinash Int. Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.८७४/०६६/०६७ Basundhara, Dhapsi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

नागरिक एपमा सवारीसाधनको विवरण

■ प्रभाव संवाददाता

काठमाडौं– नागरिक एपको आइओएस भर्सनमा (आइफोनमा) पनि सवारीसाधनको पूर्ण जानकारी पाइने भएको छ । यसअघि एन्ड्रोइडमा मात्र उपलब्ध भएको जानकारी अब आइफोन प्रयोगकर्ताले पनि पाउने भएका हुन् । नागरिक एपमा सवारीसाधनको कर बक्यौता र कर दाखिलाको पुरानो विवरण हेर्न सकिने छ । नागरिक एपको भर्सन १.९.८ एपस्टोरबाट अपडेट भएसँगै आइफोन प्रयोगकर्ताले नयाँ फिचर उपयोग गर्न सक्ने जनाइएको छ ।

यसअघि पहिलो चरणमा एन्ड्रोइडको प्ले स्टोरमा मात्र सो भर्सन अपडेट भएको थियो । आइओएसमा नयाँ अपडेटसँगै यातायात कार्यालयमा रहेको आफ्नो सवारीसाधनको विवरण, चुक्ता गरिसकेको तथा चुक्ता गर्न बाँकी कर विवरण तथा अन्य जानकारी हेर्न सकिने भएको छ ।

नागरिक एपको नयाँ अपडेटमा देखिने 'सवारी कर' अन्तर्गत उक्त सुविधा उपलब्ध हुने राष्ट्रिय सूचना प्रविधि केन्द्रले जनाएको छ ।

पहिलो चरणमा वाग्मती प्रदेशका यातायात व्यवस्था/सेवा कार्यालयमा दर्ता भएका तथा नवीकरण गरिएका सवारीको विवरण अद्यावधिक गर्ने काम भइरहेको जनाइएको छ ।

केन्द्रका अनुसार तत्काल नागरिक एपमा आफ्नो सवारीसाधनको विवरण तथा बाँकी रहेको कर विवरण र भुक्तानी गरेको राजस्व विवरण हेर्न सकिने सुविधा प्राप्त हुनेछ ।

आउँदो १ साउनदेखि भने नागरिक एपबाटै सवारीसाधनको राजस्व भुक्तानी र नवीकरणसमेत गर्न सकिनेछ । 'सञ्चार र सूचना प्रविधिको टेवा, हात हातमै सरकारी सेवा' भन्ने नाराका साथ गत २ माघमा बेटा भर्सनको रूपमा सार्वजनिक भएको नागरिक एप गएको १९ वैशाखमा फूल भर्सनमा सार्वजनिक गरिएको थियो ।

नेपाल सरकारद्वारा प्रदान गरिने सबै किसिमका सेवालाई डिजिटलाइज गरी एकीकृत प्लेटफर्मबाट सेवा प्रवाह गर्ने भन्दै नागरिक एप सञ्चालनमा ल्याइएको थियो । पछिल्लो समय एपमा पुलिस क्लियरेन्स रिपोर्ट र स्वास्थ्य बिमा कार्यक्रम समेत थपिएका छन् ।

एपबाटै क्युआर स्क्यान गरेर नेपाल बैंक र सिद्धार्थ बैंकमा खाता खोल्न सकिन्छ । त्यस्तै, उक्त एपबाट व्यक्ति पान नं. समेत सुरक्षित गर्न सकिन्छ । सुरुआती चरणमा गृह मन्त्रालय, निर्वाचन आयोग र राहदानी विभागमा रहेका विवरणलाई प्रयोग गरी उक्त एप्समा नागरिकको डिजिटल परिचय स्थापित गरिएको थियो । नागरिक एपमा पहिलो चरणमा सरकारी सेवा र दोस्रो चरणमा अर्धसरकारी सेवा समेटिने छन् ।

सच्याइएको

यस प्रभाव दैनिकको मिति २०७८/०३/२९ गते अर्थात् वर्ष ८ अंक ७९, मा प्रकाशित Humour Overseas Pvt. Ltd. को Lt no. 238191, 240142, 240763 को विज्ञापनमा पूर्व स्वीकृति मिति : २०७८/०३/१८ र २०७८/०१/१६ गते हुनुपर्नेमा अन्यथा भएको हुँदा सच्याइएको छ ।

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur Tel No. 5528563, 5531210, 5525424, 9851049472
Email : humour777@gmail.com,infohumour@gmail.com, www.humouroverseas.com

सूचना ! सूचना !! सूचना !!!

Target Consultants Human Resources Pvt.Ltd. (ई.प.नं. ८३३/०६६/६७) मा **राज कुमार चौधरी** (**ना.प्र.नं.१२८८८१०३- भरतपुर-०४, धनुषा**) घर भई **पि.आर.ओ.** पदमा प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निज व्यक्तिसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Target Consultants Human Resources Pvt. Ltd.
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shanbhu Marga, Kathmandu, Nepal. Tel: +977-01-4478737,4464082
FAX:+977-01-4464082, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

---

प्रदेश सरकार
भौतिक पुर्बाधार बिकास मन्त्रालय
वागमती प्रदेश
जलश्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय
सिन्धुपाल्चोक

विवरण सार्वजनिक गरिएको सम्वन्धमा

मितिः २०७८/०३/३०

बाढी पहिरोको कारण सिन्धुपालचोक जिल्लामा सिर्जना भएको विशेष परिस्थितिका कारण तत्काल तार जाली खरिद गरी वितरण गर्न अत्यावश्यक भएको हुदा रु पचास लाखको २०४९ थान १.५*१*१ मेसिन मेड तार जाली खरिद गरिएको हुदा सा.ख.नि २०६४ को दफा (१४५) को उपदफा (३) बमोजिम खरिदको विवरण सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ ।

Chhipaharmai Rural Municipal
Office Of Rural Municipal Executive
Bhiswa, Parsa

Invitation to Bids (IFB) No: 01-CHRMO/PAR/Park

First Date of publication:**2078/03/30 (14rd Jul.2021)**

1. The Province Government, Province 2 has allocated funds towards the cost of, **Construction of Children Park** and intends to apply part of the funds to cover eligible payments under the **following contracts.**Bidding is open to all eligible bidders as per Section V of bidding document.
2. Chhipaharmai Rural Municipal Executive Office,Bhiswa, Parsa invites Open Competitive Bidding (Single Stage single Envelope Tender) from eligible bidders for the following Bridges as mentioned below under National Competitive Bidding Procedures:

Contract ID	Name of Project	Cost Of Bid Document (NRs.)	Time for Completion from date of Work order	Bid Validity Period/Bid Security validity Period	Bid Security Amount (NRs.)
66/CRMO/PAR/ NCB/ PARK-77/078	Construction of Children Park At Sambhauta Tole-Chargaha	5,000.00	24 months	90 days/120days From last date of Bid Submission.	5,40,000.00

3. Information to deposit the cost of bidding document and Bid Security in the Bank:

Office Name	Chhipaharmai Rural Municipal ExecutiveOffice,Bhiswa-Parsa	Pre-Bid Meeting	Last Date of Purchasing	Last Date of Submission	Opening
Name of Bank	Nic Asia Bank ,Bhiswa Branch, Parsa	Chhipaharmai Rural Municiap Executive Office, Bhiswa, Parsa, 2078/04/03 (18th Jul.2021)	Office hours on 2078/04/20 (04th Aug 2021).	12 hours on 2078/04/29 (13rd Aug 2021).	13 hours 2078/04/29 (13th Aug 2021)
AntarikRajaswaKhata No.	L6CA000187452406				
DharautiKhata No.	L6CA000187452404				

4. Eligible Bidders can only bid electronically through e-procurement section of PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Any conditions so far not covered shall be as per Public Procurement Act 2063(Amendent-2073), and Public Procurement Regulation 2064(10th Amendment 2076).Any Amendments in Tender Notice Shall be Published in e-procurement section.
6. Bank Guarantee shall be in the formate specified in the bid document otherwise rejected.
7. Chhipaharmai Rural Municipal Executive Office, Bhiswa, Parsa reserves the right to reject or accept or cancel any bid partially or in full without assigning any reason.

Chhipaharmai Rural Municipal Executive Office
Bhiswa, Parsa

जोखिमपूर्ण यात्रा | ६ दिन देखि अबरुद्ध मध्यपहाडी पुष्पलाल राजमार्गको पोखरा बागलुङ खण्ड अर्न्तगत पर्वत जिल्लाको कुस्मा नगरपालिकाको अर्मादीमा खसेको पहिरो पार गर्दै यात्रुहरू । तस्बिर : खेमराज गौतम

लोकतन्त्रको रक्षा गर्न न्यायमूर्तिहरूको अदम्य साहस

■ प्रभाव संवाददाता

जनकपुरधाम–प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले प्रतिनिधिसभा पुनस्थापनाबाट लोकतन्त्र र संविधानवादको जित भएको बताएका छन् । लोकतन्त्रको रक्षा गर्न न्यायमूर्तिहरूले अदम्य साहस देखाएको भन्दै उनले सर्वोच्चका न्यायाधीशहरूलाई धन्यवाद समेत दिए ।

मंगलबार प्रदेशसभालाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले भने, 'लोकतन्त्रको रक्षा गर्न न्यायमूर्तिहरूले अदम्य साहस देखाउनुभयो, उहाँहरूप्रति नमन छ ।'

प्रस्तुत बजेटमा मनोमानी गरेको भन्दै विपक्षी नेकपा एमाले र नेकपा माओवादी केन्द्रका सांसदले प्रदेशसभा बैठक अबरुद्ध गरेपछि बजेटबारे सरकारको दृष्टिकोण राख्न मुख्यमन्त्री राउतले प्रदेशसभालाई सम्बोधन गरेका हुन् ।

उनले छुटेका योजनाहरू मन्त्रिपरिषद्को बैठकले थप गर्ने बताए । मुख्यमन्त्रीले सम्बोधन गरेपछि प्रदेशसभा बैठक सुचारु भएको छ ।

त्यस्तै प्रदेश नं २ का मुख्यमन्त्री राउतले छ जना स्रष्टालाई नेपाल विद्यापति पुरस्कार-२०७७ बाट सम्मान गरेका छन् ।

सो पुरस्कारअन्तर्गत नेपाल विद्यापति मैथिली भाषा साहित्य पुरस्कारबाट मैथिली साहित्य परिषद् (राजविराज), नेपाल विद्यापति मैथिली अनुवाद पुरस्कारबाट वृषेशचन्द्र लाल (जनकपुरधाम), नेपाल विद्यापति मैथिली अनुसन्धान पुरस्कारबाट सुजितकुमार झा (जनकपुरधाम), नेपाल विद्यापति मैथिली पाण्डुलिपी पुरस्करबाट अमरेन्द्र यादव (राजविराज), नेपाल विद्यापति मैथिली कला, संस्कृति पुरस्कारबाट अजितकुमार साह (जनकपुरधाम) र सुनिताकुमारी साह सम्मानित भएका छन् । विद्यापति पुरस्कार कोषबाट वर्षेनी दिइने सो पुरस्कारको राशि क्रमशः दुई लाख, एक लाख र ५०/५० हजार रहेको छ । परिषद्लाई मैथिल संस्कृति, सभ्यता, भाषा र संरक्षण, लाललाई बिपी कोइरालाको ' मोदियाइन' उपन्यासको मैथिली अनुवाद, झालाई 'पुनि पुनि होत विवाह' विषयक अनुसन्धान, यादवलाई 'स्त्री आ आगि' नामक कविता सङ्गह, अजितकुमार साह र सुनिताकुमारी साहलाई कला संस्कृति र गायनका लागि पुरस्कृत गरिएको हो । सो अवसरमा मुख्यमन्त्री राउतले प्रदेश सरकारले प्रदेशमा प्रज्ञा प्रतिष्ठान गठन गर्ने गृहकार्य गरिरहेको जानकारी दिए । ऐन निर्माणमा समय लाग्ने भएकाले मन्त्रिपरिषद्बाट कार्य आदेशमार्फत प्रतिष्ठान गर्न प्रयासरत रहेको उनले बताए । पूर्वाधार विकासबाट मात्र समृद्धि हुन नसक्ने बताउँदै मुख्यमन्त्री राउतले भाषा, कला, संस्कृतिको विकासबाट समग्र विकासको गन्तव्य सफल हुनसक्ने धारणा राखे ।

संक्षिप्त

नक्कली नोट बरामद

काठमाडौं(प्रस)-टोखा नगरपालिका-५ बसुन्धाराबाट ८० हजार रूपैयाँ नक्कली नोट सोमबार दिउँसो प्रहरीले बरामद गरेको छ ।

सोही ठाउँस्थित अन्नपूर्ण हिमाल सुनचाँदी पसलमा सुन किन्ने बहाना बनाई बा.६८ प ७११० नम्बरको रातो स्कुटरमा आएका २ जना महिलाहरूले २ लाख ८० हजार रूपैयाँ नक्कली नोट देखाई गहना किन्न खोजेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी प्रभाग तिलिङगेटारबाट खटिएको प्रहरी पुग्दा ती महिलाहरूले ८० हजार नक्कली नोट पसलमा छोडी फरार भएपश्चात उक्त नक्कली नोट प्रहरीले बरामद गरेको हो ।

हाल फरार महिलाहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

कस्तुरीको विनासहित २ जना पक्राउ

काठमाडौं(प्रस)–ललितपुर गोदावरी नगरपालिका-१४ ठैवबाट संरक्षित वन्यजन्तु कस्तुरीको बिना जस्तो देखिने २५ ग्राम तौल भएको १ थान आखेटोपहार सहित २ जनालाई सोमबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा मकवानपुर गढी गाउँपालिका-४ बस्ने ४८ वर्षीय लाल बहादुर घलान र झापा गौरीगंज गाउँपालिका-३ बस्ने ३५ वर्षीय उदय कुमार कोइराला रहेका छन् । संरक्षित वन्यजन्तुको आखेटोपहार अवैध रूपमा ओसार-पसार तथा बेचबिखन गर्न लागेको भन्ने विशेष सूचनाको आधारमा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादीहरु पक्राउ

काठमाडौं(प्रस)-बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी काठमाडौं महानगरपालिका-१० थापागाउँ बस्ने ललितरपुर महालक्ष्मी नगरपालिका-४ घर भएका ४९ वर्षीय गणेशमान श्रेष्ठलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ ।

उच्च अदालत पाटनको २०७७ फागुन ४ गतेको फैसलाले १५ दिन कैद र ५५ लाख रूपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले ललितपुर लामाटारबाट फेला पारी पक्राउ गरेको हो ।

यसैगरी सोही मुद्दामा उच्च अदालत पाटनको २०७६ मंसिर २२ गतेको फैसलाले ७ दिन कैद र ५२ लाख रूपैयाँ जरिवाना ठहर भई फरार रहेका काठमाडौं महानगरपालिका-३१ शान्तिनगर बस्ने काठमाडौं-१९ ढोकाटोल घर भएका ६३ वर्षीय महेन्द्र प्रसाद मिश्रलाई समेत मंगलबार नै प्रहरीले पक्राउ गरेको छ । प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले काठमाडौं महाराजगंजबाट उनलाई पक्राउ गरेको हो ।

उनीहरूले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी पीडितहरूहरूलाई झुक्यानमा पारी माछापुच्छे र सेन्चुरी बैंकका विभिन्न रकमका चेकहरू काटी दिई बैकिङ कसूरजन्य अपराध गरेको ठहर भएको थियो ।

पानामा पठाउँछु भनी ठगी गर्ने पक्राउ

काठमाडौं(प्रस)–वैदेशिक रोजगारीका लागि पानामा पठाउँछु भन्दै ठगी गरी फरार भएको अभियोगमा टोखा नगरपालिका-१० बस्ने उदयपुर घर भएका ३४ वर्षीय गणेश राउत भन्ने लोक बहादुर राउतलाई सोमबार प्रहरीले पक्राउ गरेको छ ।

राउतले वैदेशिक रोजगारीको सम्पूर्ण मापदण्ड पूरा गरी पानामा पठाउँछु भनेर नक्कली ई-भिसा समेत बनाई पीडितबाट पटक पटक गरी १८ लाख ३५ हजार रूपैयाँ लिई सम्पर्कविहिन भएको भन्ने सूचनाको आधारमा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा टोखा नगरपालिका-१० सामाखुसीबाट उनलाई पक्राउ गरेको हो ।

कर्णाली प्रदेश : सुरु भएन बजेट छलफल

कर्णाली- आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट प्रस्तुत गरेको एक महिना बित्नै लाग्दासमेत कर्णाली प्रदेशसभामा अझै छलफल शुरु हुन सकेको छैन । प्रदेशसभामा प्रस्तुत बजेट असार महिनाभित्र पारित भइसक्नुपर्ने संवैधानिक व्यवस्था रहे पनि प्रमुख प्रतिपक्षी नेकपा (एमाले) को लगातारको अवरोधका कारण छलफलसमेत शुरु हुन नसकेको हो ।

प्रदेशसभामा गत असार १ गते आर्थिक मामिला तथा योजनामन्त्री गोपाल शर्माले आव २०७८/७९ का लागि ३६ अर्ब ५४ करोडको बजेट प्रस्तुत गरेका थिए । त्यसयता बसेका सबै बैठक एमालेको अवरोधपछि स्थगित हुँदै आएका छन् । प्रदेशसभाको मंगलबारको बैठकमा पनि कार्यसूचीमै प्रवेश गर्न पाएन । सभामुखले बैठक प्रारम्भ गर्नासाथ एमालेका प्रदेशसभा सदस्य सिटबाट उठेर अवरोध गर्दै आएका छन् । एमालेले सदनमा सर्वोच्च अदालतको आदेश विपरीत आफ्ना सदस्यलाई सरकारले सत्तापक्ष बनाएको भन्दै मन्त्री पदबाट नहटाएसम्म वैठक अवरुद्ध गरिरहने अडान राखेको छ ।

मंगलबारको बैठकमा एमाले प्रदेशसभा सदस्य दानसिंह परियारले सर्वोच्च अदालतको आदेश र सभामुखले सदनमा वाचन गरेको पत्रको कार्यान्वयन गर्न सरकार गम्भीर नहुँदा बजेटजस्तो महत्वपूर्ण विषयमाथि छलफल हुन नसकेको बताए ।

नेकपा (माओवादी केन्द्र) र नेपाली कांग्रेस गठबन्धनको सरकारमा हाल एमालेका तीन सदस्य मन्त्री छन् । पार्टी निर्देशन विपरीत आफूलाई विश्वासको मत दिएपछि मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले एमालेका अम्मरबहादुर थापा, कुर्मराज शाही र नन्दसिंह बुढालाई लगत्तै मन्त्री पदमा नियुक्त गरेका थिए ।

प्रदेश सरकारमा थापा भौतिक पूर्वाधार तथा शहरी विकास, शाही भूमि व्यवस्था, कृषि तथा सहकारी र बुढा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री छन् । पार्टी निर्देशन उल्लंघन गरेको आरोपमा एमालेले पदबाट मुक्त गर्न प्रदेशसभालाई सिफारिसका गरेका आधारमा प्रकाश ज्वालासहित उनीहरू तीन जना पदमुक्त भएका थिए । सर्वोच्च अदालतको जेठ २७ गतेको अन्तरिम आदेशबाट उनीहरूको पुनर्बहाली भएपछि एमाले र सरकारबीच सदनमा टकराव बढेको छ ।

अदालतको आदेशबमोजिम प्रदेशसभाले एमाले संसदीय दलको सदस्यका रूपमा बैठक कक्षमा सिट व्यवस्थापन गरे पनि मन्त्रीहरू भने सत्तापक्षकै कुर्सीमा बस्दै आएका छन् । एमालेले प्रदेश सरकारले एउटै पार्टीलाई सत्तापक्ष र प्रतिपक्षी बनाएको भन्दै आपत्ति जनाउँदै आएको छ ।

सभामुख राजबहादुर शाहीले मंगलबारको बैठकमा सभा सञ्चालनमा सहयोग नगरे अवरोधकै बीचबाट अगाडि बढ्न बाध्य हुने चेतावनी दिएका थिए । मंगलबार दुई वटा बैठक बसेपनि एमालेको अवरोध कायमै रह्यो । एमालेको अवरोध कायमै रहेपछि सभामुखले बुधबार दिउँसो २ बजेसम्मका लागि प्रदेशसभा बैठक स्थगित गरेका थिए । रासस

इको प्यानल प्रवर्द्धन गर्न पूर्वमिस नेपाल खतिवडाको निरन्तरता

■ प्रभाव संवाददाता

काठमाडौं– गोर्खा इको प्यानलको उत्पादक इन्टरनेशनल ग्रीन डेभलोपर्स नेपाल प्रालिले गोर्खा इको प्यानलको प्रवर्द्धन गर्न श्रृंखला खतिवडासँग गर्दै आएको सहकार्यलाई फेरि निरन्तरता दिएको छ । गोर्खा इको प्यानल एक हलुका इन्टरलकिंग प्रिफेब्रिकेटेड स्याण्डविच प्यानल हो ।

अन्य निर्माण सामाग्रीहरूको तुलनामा यसको उल्लेख्य विशेषताहरूका कारण परिचित छ । यसले इन्सुलेसन, वातावरणीय सुरक्षा एवं ऊर्जा संरक्षण जस्ता फाइदाहरू प्रदान गर्दछ । यसैगरी गोर्खा इको प्यानल निर्माणका लागि लागतका हिसाबले समेत उपयुक्त छ । कम्पनीले पूर्व मिस नेपाल २०१८ श्रृखला खतिवडासँग जुन सहकार्य गरेको छ त्यो सान्दर्भिक पनि छ किनकि श्रृखला स्वयं पनि एक आर्किटेक्ट हुन् । यसका साथै उनी वातावरणमैत्री आवासीय भवनहरूको पक्षधरको रूपमा परिचित छिन् भनें उनका कार्यहरूले पनि दिगो निर्माणको प्रवर्द्धनलाई बढावा दिंदै आइरहेको, जसले वातावरण प्रति न्यून असर पार्दै आएको छ ।

हिजोआज मानिसहरूको ध्यान वातावरणीय प्रभावलाई दूरगामी असर पार्ने जस्ता उत्पादनहरू प्रयोग तथा खरीद गर्ने सन्दर्भमा धेरै नै सचेत हुन थालेका छन् । यसैले गोर्खा इको प्यानलले एक उत्तम विकल्प प्रदान गरेको छ । यसका अतिरिक्त यी प्यानलहरू प्रयोग गर्न सकिने हुनाको साथै वर्तमान समयमा बदलिरहेको मानवीय शैली र चाहनासँग समेत मेल खाने किसिमका छन् ।

२८० किलोको नगरा !

बागलुङ–काठेखोला गाउँपालिका-४ तङ्गाममा २८० किलोको नगरा निर्माण गरिएको छ । गाउँमैत्री अक्षयकोषले त्यसलाई 'देशकै ठूलो' नगरा भनेर दाबी गरेको छ । कला, संगीत र साहित्यको संरक्षणमा क्रियाशील अक्षयकोषद्वारा निर्माणाधीन लोकबाजा संग्रहालयमा विशाल दमाहालाई राखिने छ ।

अक्षयकोषका अध्यक्ष हेमराज आश्रमका अनुसार नगरामा २२२ किलो तामा र १५ किलो फलाम प्रयोग भएको छ । सात फिट गोलाइ रहेको नगरालाई मोड्न एक हजार ४०० फिट छालाको तुना लागेको उनको भनाइ छ । स्थानीय कालीगढले १८ दिन लगाएर नगरा निर्माण गरेका थिए । नगरालाई चाहिने भैंसीको छाला भारतको बिहारबाट ल्याइएको अध्यक्ष आश्रमले बताए । यहाँ पाइने भैंसीको छाला सानो भएकाले भारतबाट झिकाइएको हो ।

नगरा निर्माणका क्रममा कालीगढ रवीलाल, जरसिँह विकले तामा र लालबहादुर किसान, जगबहादुर र सरबहादुर विकले छालाको काम गरेका थिए । नगरा बनाउँदा कालीगढ र सहयोगीसमेत गरी ५० जना खटिएका थिए । परम्परागत आरान प्रविधिबाट नगरा निर्माण गरिएको कालीगढ रवीलालले बताए । यति ठूलो नगरा बनाउन पाउँदा खुशीको अनुभव भएको उनले सुनाए ।

कालीगढको मेहनत र शिल्पले विशाल नगरा बनाउन सम्भव भएको अध्यक्ष आश्रमले बताए । उनका अनुसार अर्को ठूलो नगरा काठमाडौंको हनुमानढोका परिसरमा



छ । मल्लकालमा बनेको उक्त नगराको गोलाइ साँढे छ फिट छ । अक्षयकोषद्वारा निर्मित नगरा सात फिट गोलाइको भएकाले 'देशकै ठूलो' भनेर दाबी गरिएको हो । नगराको उचाइ भने छ फिटभन्दा केही बढी छ ।

'नगराले सांस्कृतिक र पर्यटकीय आकर्षण थप्ने हाम्रो विश्वास छ', अध्यक्ष आश्रमले भने, 'यसले नेपाली मौलिक लोकवाद्यप्रतिको सम्मान पनि झल्काउँछ ।'

दशैं, चैते दशैं, सरस्वती पूजा आदि पर्व र विशेष दिनमा उक्त नगरालाई बजाइने भएको छ । लोकबाजा संग्रहालय निर्माणका लागि गण्डकी प्रदेश सरकारबाट चालू आवमा प्राप्त १० लाख बजेटमध्येबाट पाँच लाख नगरामा खर्च भएको छ । बाँकी पाँच लाख संग्रहालय भवन बनाउन खर्च गरिएको अक्षयकोषले जनाएको छ ।

संरचना निर्माणसँगै लोकबाजा संकलन र संग्रहका लागि आउँदो आवका लागि पनि प्रदेश सरकारबाट ५० लाख बजेट विनियोजन भएको छ । विसं २०६६ मा स्थापित अक्षयकोषले नेपालसहित विश्वभरका लोकबाजाको संग्रह गर्ने योजना बनाएको छ । हालसम्म नेपाली र पश्चिमेली गरी २५ प्रकारका लोकबाजा संग्रह गरिसकिएको छ ।

संग्रहालय निर्माणका लागि अक्षयकोषले तङ्गाममै तीन रोपनी जग्गा व्यवस्थापन गरेको थियो । अक्षयकोषले वर्सेनी गाउँस्तरमा 'ट्यालेन्ट अफ भिलेज' नामको कार्यक्रमसमेत गर्दै आएको छ । गीत, नृत्य र साहित्यतर्फ प्रतिभाको खोजी गरिने उक्त प्रतियोगितात्मक कार्यक्रमले दशौं संस्करण पार गरिसकेको छ । अक्षयकोषलाई थप संस्थागत र व्यवस्थित बनाएर समुदायलाई हस्तान्तरण गरिने अध्यक्ष आश्रमले बताए । अक्षयकोषको चल/अचल गरी २० लाखबराबरको सम्पत्ति छ । रासस

प्रभाव दैनिक
National Daily

सम्पादकीय

मै हुँ भन्नु गलत

निवर्तमान सरकारले जाँदाजाँदै आफूलाई सफल भएको घोषणा गरेर जगलाई हँसाएको छ । सिंहदरबारबाट बाहिरिँदै निवर्तमान प्रधानमन्त्रीले आफ्नो नेतृत्वको सरकार ऐतिहासिक रूपमा सफल भएको भनेर सिधासिधी झुठको खेती गरेका छन् । आफू प्रधानमन्त्री हुनुअघि पाइपबाट खान पकाउने ग्यास, रेल, सुरुङ निर्माण गरेर मुलुकलाई समृद्ध बनाउने आसा बाँडेर आफू बाहिरिँदा विभिन्न नेताहरूलाई दोष दिनु आफैँ गलत थियो । खासगरी राष्ट्रपतिलाई साथमा लिएर निवर्तमान प्रधानमन्त्रीबाट अनेकौँ गलत काम गरेकै हुन् । यत्ति मात्र होइन कि भ्रष्टाचारमा डुब्नेहरूलाई आफैँले उन्मुक्ति दिएर विधिको शासनमाथि चुनौती दिने सरकार कसरी सफल हुन सक्छ ? आफू वरिपरि बस्नेहरूलाई मालामाल गरिदिने मात्र नभएर केही स्वार्थ समूहको इच्छाअनुसार मुलुक सञ्चालन गर्दा यसबाट जनता सरकारप्रति साँच्चै क्रोधित थिए । विभिन्न काण्ड लाग्दा पनि सरकारले सच्चिनेभन्दा पनि हौसिएर अरु गलत काममा लाग्दा आज सरकारबाट बाहिरिनु परेको थियो ।

निवर्तमान प्रधानमन्त्रीले आफू नेतृत्वको सरकार ऐतिहासिक रूपमा सफल भएको दाबी गरेर बिदा भएका छन् । तर, संसदीय व्यवस्थालाई ठाडो चुनौती दिनेले कसरी सफलता पाए त ? झन्डै ४० महिने बालुवाटार बसाइमा सरकारले अनियमितताको चाङ लगाउने कामभन्दा अरु केही भएको छैन । यसअवधिमा उद्घाटनलाई मात्र प्राथमिकता दिइएको थियो । त्यसमाथि नेपाल ट्रस्टको सम्पत्तिलाई कौडीको मूल्यमा भाडामा दिएर अनियमितता गरेको देखिन्छ । संसदीय सुनुवाइ समितिलाई बेकम्मा बनाएर संसदको अपहेलना गरिएको छ । यत्ति मात्र होइन कि राष्ट्रपतिलाई साथमा लिएर निवर्तमान प्रधानमन्त्रीबाट बारम्बार नेपालको संविधान, ०७२ माथि बारम्बार प्रहार भयो । संविधानको भावना र लोकतान्त्रिक मूल्यमाथि निरन्तर प्रहार हुनु सुखद समाचार हुनै सक्दैन । लोकतन्त्रकै उपहास गर्ने काम नेपाली जनताबाट मान्य हुँदैन भन्ने देखिएको छ ।

हुन त निवर्तनमा प्रधानमन्त्रीको कार्यशैलीबाट लोकतान्त्रिक पद्धतिबाट निर्वाचित भए पनि व्यक्ति लोकतन्त्रप्रति प्रतिबद्ध नभए अधिनायक हुन बेर लाग्ने रहेन भन्ने देखिएको छ । आफू सत्तामा बस्दा मात्र सबै ठीक र आफू सत्ताबाट बाहिरिनु परेपछि तित्तता पोख्ने काम नेता विशेषबाट हुनु दुःखद भएको छ । संवैधानिक निकायमा आफूनिकटलाई नियुक्ति दिने मनसायका साथ विभिन्न समयमा अध्यादेशबाट कानुन बनाउने यत्ति मात्र होइन, कि बजेटजस्तो महत्त्वपूर्ण विषयलाई समेत साधारण ठानी अध्यादेशबाट ल्याएर जनताले गाँस काटेर जम्मा गरेको ढुकुटीको सञ्चालन गर्ने जमर्को गर्नु न्यायोचित छैन । राष्ट्रवादको भाषण गर्ने तर विदेशी खुफिया एजेन्टसँग मध्यरातमा भेटेर देशको सार्वभौममाथि हमला गर्न दिनु साह्रै आना गलत थियो । यत्ति मात्र होइन कि आफ्ना कार्यकर्तालाई आफूविरुद्ध उभिएकालाई अरिंगाल भएर जाइलाग्न उक्साएर देशमा शान्ति सुरक्षालाई चुनौती दिने व्यक्ति विशेष अत्यन्तै गलत हुन् । तर, यहि काम प्रधानमन्त्रीबाट हुनु अर्को दुर्भाग्य हो । आफू सत्ताबाट बाहिरिनुपरेपछि अदालतलाई समेत सत्तोसराप गर्नु उचित छैन । न्यायालयको सम्मान गर्नुको सट्टा आलोचना गर्नु सुहाँउदैन ।

हनिमुन मनाउन आएको जोडी नारायणहिटी दरबारमा

▶▶ जगत नेपाल

> सुरक्षाका लागि खटिएका प्रहरीको हतियार खोसेपछि मन्त्रालयका कर्मचारीमध्ये केहीका हात खुट्टा भाँचिदिए । अनि भिड माथिल्लो तलामा उक्लियो । बिपी र गणेशमानलाई एकै ठाउँमा देखेपछि भिडबाट आवाज आयो- ल गणेशमान पनि यहीं रहेछ । दुवै सिकार एकै ठाउँमा । काट ।

निरंकुश राणा शासनविरुद्ध नेपाली कांग्रेसले जनक्रान्ति चलाएताकाको कुरा हो । रानुदेवी अधिकारी भर्खर १५ वर्षकी थिइन् । रानुदेवी तिनै महिला हुन् जसले रेडियोमा पहिलोपटक क्रान्तिकारी गीत गाएर नेपाली जनतालाई जागरुक बनाएकी थिइन् । राणा विरोधी गतिविधिमा संलग्न उनको परिवार क्रान्ति सुरु भएदेखि विराटनगरको सीमामा पर्ने सानो भारतीय सहर जोगबनीमा वस्न थालेको थियो ।

०३ सालमा भएको मुलुककै पहिलो मजदुर आन्दोलनमा युवराज अधिकारी (बिकु) बिपी, तारिणी, गिरिजा कोइराला, मनमोहन अधिकारीसँगै पक्राउ परेका थिए । कोइराला परिवारनिकट भएको र राणा विरोधी भनेर चिनिएकाले राणाको कोपभाजन हुने त्रासले अधिकारी परिवार सीमापारी बस्न थालेको थियो । केही दिनअघि मात्र विवाह गरेर बनारसबाट विराटनगर आएकी रानु परिवारका साथ जोगबनीमै बसिरहेकी थिइन् । राणाविरुद्धको जनक्रान्तिमा उनको पूरै परिवार सक्रिय थियो ।

०७६ जेठको अन्तिम साता (मृत्यु हुनुभन्दा केही महिनाअघि) रानुदेवीले लेखकलाई सुनाएकी थिइन्- तिहारको बेला थियो । क्रान्तिको पक्षमा उपयोग गर्ने भनेर तारिणी (बिपीका भाइ) मामाहरूले खोलेको रेडियोमा मलाई गीत गाउन भन्नुभयो । आफूलाई गीत गाउन असाध्य मन लाग्ने । तत्काल हुन्छ भनिहालेँ । आफैँले लेखेको गीत दिनु भयो र गाएँ । आन्दोलनका समाचार दिन र जनतालाई जागरुक बनाउन 'वार हेडक्वार्टर' रघुपति जुट मिलबाट सञ्चालित प्रजातन्त्र रेडियोमा कहिले तारिणी, कहिले इन्दिरा (शैलजा आचार्यकी आमा) दिदी समाचार पढ्नुहुन्थ्यो । राणाको फौज र कांग्रेसको मुक्ति सेनाबीच घमासान संघर्ष जारी थियो ।

रानुदवीले लेखकलाई सुनाइन्- म बनारसकी केटी । बिहा भएर विराटनगर आएकी । साँच्चै भन्ने हो भने त्यति बेलासम्म मलाई क्रान्तिकारी गीत गायो भने राणाले सजाय गर्छन् भन्ने ज्ञानसमेत थिएन । तारिणी मामाले भन्नुभयो, गाएँ । परिवारले पनि प्रोत्साहित गरेकै थियो । प्रायः सबै गीत 'लाइभ' गाइयो । रेकर्ड गर्ने साधन थिएन । गर्नुपर्छ भनेर कसैले भन्दा पनि भनेन । तर, त्यहाँ हार्मुनियम, तबला बजाउने मानिस पनि हुन्थे । क्रान्ति सफल भएपछि मात्र थाहा पाएँ । त्यस बेला मलाई राणाहरूले समाएको भए त सिधै गोली हान्ने रहेछन् ।

रेडियोमा आफूले गाएका गीतले क्रान्तिका लागि कस्तो वातावरण बनायो, कतिले सुने भन्ने विषयमा उनलाई न चासो थियो न कुनै जानकारी नै । रानुले लेखकसँग भनिन्- म त गाउन पाए भनेर दंग थिएँ ।

०७ सालको जनक्रान्तिमा रानुदेवीले गाएका गीतहरू यस्ता थिए ।

१. नेपाली अघि बढ हातमा क्रान्ति झन्डा ली ।
क्रान्ति झन्डा ली, नेपाली ।
२. आऊ आऊ दाजुभाइ, आऊ दिदीबैनी,
अब हामी अघि बढौं, काँधमा काँध मिलाई ।
पछि नसरौं अबदेखि जे जे परे पनि ।

क्रान्तिकालमा रेडियोबाट जनतालाई सुनाइएका पाँच गीत तारिणीले लेखेका थिए । तिनले प्रजातन्त्रको पक्षमा जनमत बनाउन राम्रै सहयोग गरे । क्रान्ति सकिएलगत्तै अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरको अध्यक्षतामा बनेको मन्त्रीमण्डलमा बिपी गृहमन्त्री भए । विराटनगरमा चलाइएको प्रजातन्त्र रेडियो उनकै आदेशमा काठमाडौं ल्याएर २० चैत ०७ सालमा प्रसारण सुरु गरियो । आजको रेडियो नेपाल यही हो ।

क्रान्तिकालमा तारिणीले कलकत्ताबाट ६० हजार रूपैयाँमा ट्रान्समिटर किनेर ल्याएका थिए । यस प्रसंगमा १ माघ ०७७ मा पूर्वमन्त्री सञ्जय गौतमका पिता किशोरकुमार गौतमले सुनाए- मेरो बुवा विराटनगरमा सुब्बा हुनुहुन्थ्यो । म बनारसमा पढ्थेँ । क्रान्तिका लागि उठाइएको चन्दा रकम राख्ने जिम्मेवारी मेरो थियो । तारिणी बाबुले रेडियो ट्रान्समिटर किन्न चालीस हजार रूपैयाँ पुगेन भनेकाले मैले बीस हजार दिएको हुँ ।

क्रान्तिकालको रेडियो राष्ट्रिय प्रसारणमा परिणत भएपछि तारिणीप्रसाद कोइराला त्यसको कार्यकारी निर्देशक बने । रानु विराटनगरमै थिइन् । वैशाख पहिलो साता उनका पति तीर्थ अधिकारीले भने- ल रानु अब हामी काठमाडौं जाने । बिपी मामा गृहमन्त्री छँदै हुनुहुन्छ । बिहापछि कतै राम्ररी घुम्न पाइएको छैन । सम्झ, हाम्रा लागि हनिमुन हुनेछ । ३ वैशाख ०८ को कुरा हो । रानुदेवी र उनका पति तीर्थ अधिकारी पहिलोपटक जहाजबाट काठमाडौं आए ।

एयरपोर्टबाट सिधै गृहमन्त्री बिपी कोइरालाको सरकारी निवास त्रिपुरेश्वर पुगे । एउटै घरको भूइँ तला मन्त्रालय र माथि मन्त्रीको निवासका रूपमा प्रयोग भएको थियो । बिपी काममा व्यस्त थिए । त्यो दिनको घटना रानुदेवीले लेखकलाई यसरी सुनाइन्- खाना खाएपछि आमा (दिव्या)ले भन्नुभयो- ल नवविवाहित जोडी । काठमाडौं आएका छौ । राम्ररी घुम । आफन्त भेट । रानु र तीर्थ गृहमन्त्री निवासबाट निस्कने तरखर गर्दै थिए हातमा नांगो खुकुरी बोकेको एउटा ठूलो हुल टुँडिखेलबाट आइरहेको देखियो । गेटसम्म पुगेका दम्पत्ति फरक्क फर्किए ।

त्यस दिनको घटना सुनाउँदै रानुदेवीले भनेकी थिइन्- उनीहरू बिपीविरुद्ध चर्को नाराबाजी गर्दै, काट्ने धम्की दिइरहेका थिए । भयानक नारावाजी भइरहेको थियो । प्रायः सबैको हातमा नांगो खुकुरी । तीर्थले भने फर्कौं, फर्कौं । यस्तो तनावको वातावरणमा हिँड्नु ठीक होइन । हामी माथिल्लो तलामा उक्लिन भ्याएका मात्र के थियौं भिड घरभित्रै पस्यो र तोडफोड गर्न थाल्यो । डाङ्डुङको आवाज आइरहेको थियो । म आत्तिइसकेकी थिएँ । त्यसपछि के के भयो थाहा भएन । त्यहाँ हामी महिला जतिलाई बाथरुममा लगेर राखियो ।

केही समय डाङडुङ र होहल्ला चलिरह्यो । गृहमन्त्रालयका कागजात जलाइए । झ्याल ढोका तोडफोड गरियो । त्यतिबेला बिपीसँगै रहेका गणेशमान सिंहले भनेका छन्- गृहमन्त्री बिपीका अंगरक्षकको सातोपुत्लो बाँकी रहेन । उसको अवस्था कति खराब थियो भने बिचरा लगलग कामिरहेको थियो मानौँ उसलाई काम ज्वरो आएको होस् । उसको शरीरमात्र कामिरहेको थिएन, स्टेनगन थामिरहेका हात पनि थरथर कामिरहेका थिए ।

सुरक्षाका लागि खटिएका प्रहरीको हतियार खोसेपछि मन्त्रालयका कर्मचारीमध्ये केहीका हात खुट्टा भाँचिदिए । अनि भिड माथिल्लो तलामा उक्लियो । बिपी र गणेशमानलाई एकै ठाउँमा देखेपछि भिडबाट आवाज आयो- ल गणेशमान पनि यहीँ रहेछ । दुवै सिकार एकै ठाउँमा । काट ।

त्यो दिनको घटनाबारे पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले कर्मयोगी कृष्णप्रसाद भट्टराई पुस्तकमा भनेका छन्- नेपाली कांग्रेसको मुक्ति सेनालाई रक्षा दलमा रूपान्तरण गरे पनि क्रान्तिमा प्रयोग भएका हतियार सरकारलाई बुझाइसकेका थिएनौं । तीमध्ये केही बोरामा हाली बिपी निवासमै राखिएका थिए । जे त होला भनेर म र बिपीका भाञ्जा तीर्थ अधिकारी (रानुदेवीका पति) स्टेनगन समाएर पोजिसनमा बस्यौं । आक्रमणकारी नजिकै पुगेपछि मैले भने 'तीर्थ फायर खोल ।' तीर्थले मेरो कानमा मुख जोडेर बिस्तारै भने 'पड्किएन ।' त्यसपछि परेन फसाद । अनि ठोक ठोक भन्दै हामी पछि पछि हट्यौं ।

क्षणभरमै आक्रमणकारीहरूले रानुदेवीका पति तिर्थलाई मरणासन्न हुने गरी कुटिहाले । भिड बिपीको बेडरुममै पुग्यो । एकैपटक कानको जाली फाट्ने गरी गोली चलेको आवाज आयो । रानुदेवीले सम्झिइन्- अब बाँच्ने दिन गए भन्ने लागेर आयो । भर्खरै बिहा गरेको रमाइलो गरौँ भनेर आइयो । के आपद आइलाग्यो हे भगवान् । त्यस दिनको घटनाबारे बिपी स्वयंले भनेका छन्, 'मैले पिस्तल हातमा लिएको थिएँ, ढ्याङ, ढ्याङ चार पाँच फायर गरेँ । फायर गर्दा मोटो आठपहरियाको त मुटुमै लागेछ । उसको आधा शरीर मेरो बेडरुममा छ, आधा बाहिर छ । खुकुरी कार्पेटमा उछिट्टिएर गएको छ । खुकुरीमा 'ब' लेखेको छ । बिँड हात्तीको दाँतको छ ।

त्यसपछि खुकुरीधारीमा कोलाहल मच्चियो । गोली चल्यो मान्छे मऱ्यो भनेर उनीहरू कुलेलाम ठोके । रानुदेवीले सम्झिइन्- मेरो त्यो पहिलो काठमाडौं यात्रा जीवनमा कहिल्लै भुल्न सक्दिनँ । विवाहपछि पहिलोपटक विराटनगर छाडेको । सातोपुत्लो गइहाल्यो । जतातत्तै ऐयाआत्था बाहेक केही सुनिँदैन । तीर्थको हालत हेरेँ । रक्ताम्मे हुनुभएको छ । केही बोल्न सकिनँ । एकोहोरो रोइरहेँ । स्थिति सामान्य भएपछि नारायणहिटी दरबारबाट आएको सैन्य दस्ताले गृहमन्त्रीको निवास घेराउ गऱ्यो । रानुदेवीले सुनाइन्- केही बेरपछि परिवारका सबै स्वास्नी मानिस र केटाकेटीलाई मोटरमा बसाइयो । कहाँ जाने ? के गर्ने ? केही थाहा थिएन । एकैपटक हामी सवार मोटर नारायणहिटीभित्र पुगेर रोकियो । अहिले जय नेपाल सिनेमा हल रहेको ठाउँनेर एउटा सेतो घर थियो ।

त्यहीँ हामीलाई बस्ने व्यवस्था मिलाइएको रहेछ । सातआठ दिन त्यहीँ बस्यौं । सबै सुविधा थियो । टोकरीमा फलफूल राखिदिएका हुन्थे । तर, आएकै दिन आक्रमणमा परेकाले होला मलाई पछिसम्म पनि काठमाडौंमा दिल लादै लागेन । बाह्रखरी

मननयोग्य

विदुर नीति

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले बहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ । यस्ता व्यक्तिहरूमा यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ ।

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशमा जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं विपत्तिरूपी समुद्रमा डुब्दछन् ।

जो मानिस जे जत्ति काम गर्न आवश्यक छ त्यती मात्र काम गर्न संग्लन रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु । किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संर्घषको कारण हुन जान्छ ।

जुवाडेले त्यस्को तारिफ गर्दछन्, साथै वेश्याहरू र चाटुकारहरू समेतले प्रशंसा गर्ने गर्दछन् भने त्यस्तो मान्छे बाँचिरहँदैन अर्थात ऊ शीघ्र नष्ट हुनजान्छ । हे धृतराष्ट्र ! तपाईले महान् धनुर्धर र अत्यन्त तेजस्वी पाण्डवहरूलाई छाडेर यो महान् ऐश्वर्यको भार दुर्योधनउपर राखिदिनुभयो । तीनैलोकको साम्राज्यबाट जसरी दानवीर बलिराजा च्यूत भए थे, तपाईले पनि अब त्यसैगरी यो हस्तिनापुरको साम्राज्यबाट दुर्योधनादि कौरवहरू भ्रष्ट (पटन) भएको देख्नुहुनेछ ।

हे विदुर ! मानिस ऐश्वर्यको प्राप्ति र नाशमा स्वतन्त्र छैन । धागोमा बाँधेर कठपुतलीलाई नचाए झैं गरेर प्रारब्धले मानिसलाई नचाईराखेको छ । यस्तो कसरी भएको हो तिमी भन्दै जाऊ, म सुनी नै रहन्छु । कुनै भने मघुर बोलीले (मिजासिलो स्वभाव) ले गर्दा प्रिय बन्न सक्तछ । तर वास्तवमा जो लोकप्रिय छ ऊ सधैंभरि सर्वप्रिय नै भइरहन्छ ।

मानिसले जसलाई द्वेष गर्छ, यसरी द्वेष गरिने व्यक्तिलाई उसले सज्जन, विद्वान् र बुद्धिमान् ठान्दैन । मन परेको व्यक्ति (मित्र) द्वारा गरिने सबै राम्रा नराम्रा कामहरू शुभ नै लाग्ने गर्छन्, परन्तु द्वेष गरिएको अथवा मन नपरेको व्यक्ति (दुस्मन) ले गर्नु पुण्य कामहरू नै छन् तापनि सदैव अशुभव वा पापमय हुन जान्छन् ।

हे राजाराज धृतराष्ट्र ! मैले (विदुरले) दुर्योधन जन्मना साथै उसलाई हेरें । जुन लक्षणहरू उसमा देखेथें अनि मैले तपाईलाई भनें यो एउटा छोरोलाई त्यागिदिनुहोस्, यस त्यागले अरु सय छोरा बढ्नेछन् यदि यसलाई नत्याग्ने हो भने सयवटा छोरा नै घट्नेछन् ।

क्रमशः

पत्र–मञ्जुषा

न्यायालयको फैसला स्वागतयोग्य

सम्पादकज्यू,

पछिल्लो समय सरकारको मनपरीतन्त्रले मुलुकलाई गाँजेको थियो । आफूविरुद्ध अविश्वासको प्रस्ताव अघि सर्दै गर्दा आफू बस्न नपाउने हो भने कुर्सी नै भाँच्ने अभिव्यक्ति दिएका प्रधानमन्त्रीलाई न्यायालयले सबक सिकाएको छ ।

आफूलाई प्रधानमन्त्री पदमा बस्न नदिने भएपछि दुई/दुईपटक संसद विघटन गरेर संविधानको खिल्ली उडाउने सरकारलाई यसपटक भने निक्कै कडा आदेश दिएपछि उ आफ्नो स्थानमा आएर बस्न बाध्य भएको छ । त्यसो त सर्वोच्चको फैसलाले प्रतिगमनको यात्रालाई रोको छ । नेपालको संविधान, ०७२ मा संसद विघटनको कल्पना नगरिएको होइन तर यसका लागि विभिन्न तहहरू पार गर्नुपर्ने थियो तर यस्तो बेलामा राष्ट्रपतिको साहरा लिएर प्रधानमन्त्रीले दुई/दुईपटक संसद विघटन गरेर संविधानको उल्लंघन गरेका थिए । प्रधानमन्त्रीको यो मनपरीतन्त्र रोक्नु नै अदालतको सबैभन्दा ठूलो र साहसिक फैसला मान्नुपर्छ ।

सर्वोच्चको फैसलापछि पनि खासगरी अहिले सरकारमा बस्ने शक्तिहरू फरक ढंगले षड्यन्त्रमा लागिरहन सक्छन् तर उनीहरूबाट संविधान धुजाधुजा पारिएको थियो । प्रधानमन्त्रीको योजनामा राष्ट्रपतिबाट नेपालको संविधानविपरित गएर जनताबाट निर्वाचित प्रतिनिधिसभालाई पटकपटक विघटन गर्ने दुष्प्रयास सर्वोच्चबाट रोकिएको छ । जनताबाट निर्वाचित संविधानसभाले बनाएको संविधानको जगेर्ना गर्ने र संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्ने काममा सर्वोच्चले हिम्मत देखाएकै छ । यसको प्रशंसा गर्नलायक छ । प्रधानमन्त्रीको तजबिजमा प्रतिनिधिसभा विघटनको छुट संविधानले दिएको छैन । तर, पटक-पटक संसद विघटन गरेर आफूअनुकूल शासन व्यावस्था सञ्चालन गर्ने काम भएकोप्रति जनताले उचित मानेका थिएनन् । यसलाई सर्वोच्चले सही भनेर फैसला गरेको छ । सर्वोच्चको फैसलाले प्रधानमन्त्रीको तजबिजमा प्रतिनिधिसभाको विघटन गर्न पाउने छुट नेपालको संविधानको कुनै पनि धारा वा उपधाराले नदिएको प्रस्ट पारेको छ ।

जनताद्वारा निर्वाचित प्रतिनिधिसभाको पुनर्स्थापना हुँदा मुलुक थप अन्योल, अस्थिरता र राजनीतिक अराजकतामा धकेलिन पुग्छ भन्ने कुरा स्वयंमा आत्म निष्ठ र अमूर्त निष्कर्ष हो । फैसलापश्चात प्रतिनिधिसभाको कार्यकाल पूरा नहुँदै राजनीतिक स्थिरताजस्ता कारण देखाएर प्रतिनिधिसभा विघटन गर्ने र निर्वाचन गराउने छुट संविधानले नदिने पनि प्रष्ट पारेको छ । प्रतिनिधिसभाका सदस्यहरूलाई सार्वभौम जनताले पाँच वर्षका लागि आफ्नो प्रतिनिधिको हैसियतमा शासन व्यवस्था सञ्चालन गर्ने आदेश र अख्तियारी दिएका पठाएका हुन् । जनताबाट पाएको आदेश र अख्तियारीको पालना नगरी पाँच वर्षको अवधि नपुग्दै बीचमै प्रतिनिधिसभा विघटन गरी पुनः जनतामा जाने कुरा संविधानमा अन्तर्निहित भावना र निर्वाचनको माध्यमबाट प्रकट भएको जनादेश अनुकूल हुँदैन । संविधानको धारा ७६(५) बमोजिम वैकल्पिक सरकार गठन हुन नसकेको अवस्थाका कुरामा बाहेक अन्य कुनै आधार वा कारणबाट कार्यविधि बाँकी रहेको प्रतिनिधिसभा विघटन हुन नसक्ने भएकाले राजनीतिक औचित्यसँग जोडिएका अन्य तर्क, आधार वा कारणहरूको वर्तमान संविधानमा रहेको प्रावधानका दृष्टिले कुनै औचित्य र सान्दर्भिकता नदेखिने सर्वोच्चको फैसलाले जनताको अधिकारको रक्षा गरेको छ । जुन स्वागतयोग्य छ ।

- *यज्ञबहादुर लामा, ओखलढुंगा ।*

जानकारी

अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.

बेनी बजार | हिमाली जिल्ला म्याग्दीको सदरमुकाम बेनी बजार । कालीगण्डकी र म्याग्दी नदीको दोभानमा रहेको यो बजार नदी कटानको जोखिममा रहेको छ ।

तस्बिर : कमल खत्री

प्रहरीद्वारा कर्मचारीको हत्या भएको पुष्टि

■ प्रभाव संवाददाता

मंगलबारे–उच्च अदालत विराटनगरको इलाम इजलासमा कार्यरत एक महिलाको हत्या अभियोगमा प्रहरीले अदालतका सुरक्षा गार्ड (असई) लाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय इलामको टोलीले अनुसन्धानको क्रममा अदालतका सुरक्षा गार्ड ३५ वर्षीय प्रहरी असई युवराज बनियाँलाई नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी कार्यालय इलामले मंगलबार पत्रकार सम्मेलन गर्दै अभियुक्त सार्वजनिक गरेको हो । 'घाँटी थिचेर हत्या गरेको देखिएको छ । हामीले पाएको प्रमाणले उनलाई नै अभियुक्त देखाएकाले हामीले नियन्त्रणमा लिएका हौँ । थप अनुसन्धान भइरहेको छ,' जिल्ला प्रहरी कार्यालय इलामका एसपी महेन्द्र श्रेष्ठले भने ।

अदालतकी कर्मचारी ४८ वर्षीय विमलादेवी निरौला पराजुलीको शव सोमबार अदालत परिसरमा फेला परेको थियो । पक्राउ परेका असई दुई वर्षदेखि अदालतमा कार्यरत थिए । उनलाई निलम्बन गरिएको छ । हत्याको कारण भने दुई जनाबिचको आपसी सम्बन्ध

भएको खुलेको एसपी श्रेष्ठले बताए । 'उनीहरू बीच केही आपसी सम्बन्ध देखिन्छ । त्यही बिचमा केही विषयमा विवाद हुँदा आवेगमा हत्या गरेको खुलेको छ,' एसपी श्रेष्ठले भने ।

सोमबार कार्यालय परिसरकै बलँसीमा मृत फेला परेकी विमलाको हत्या नामसालिङमा दरबन्दी रहेर हाल मुख्य न्यायाधीशकै सुरक्षा गार्डका रूपमा कार्यरत प्रहरी युवराज बानियाँले गरेको खुलेको छ ।

मुख्य न्यायाधीश हाल बिदामा रहेकाले कोठाको साँचो सुरक्षा गार्ड बानियाँसँग नै रहेकाले सो स्थानमा घटना घटेको हुनसक्ने अनुमान प्रहरीको छ । अभियुक्तलाई सोमबार नै नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय इलामका प्रहरी प्रमुख तथा प्रहरी उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । उनले धनकुटा होलीखर्क-५ घर भई इलाममा कार्यरत अभियुक्त बानियाँ र मृतक कर्मचारीबीच लामो समयदेखि सम्बन्ध रहेको खुलेको छ । उनीहरूबीच पैसाको बार्गेनिङ भएको बानियाँको बयान उद्धृत गर्दै प्रहरी उपरीक्षक श्रेष्ठले बताए ।

मृतक महिलाको दाँहिने नाडीमा चोट भएको बताइएको छ । बयानमा अभियुक्त बानियाँले घाँटी थिचेर मारेको बताएको प्रहरी प्रमुख श्रेष्ठले बताए । कार्यालय समयपछि सबै आफ्नो घरतर्फ गए पनि मृत फेला परेकी महिला उच्च अदालतभित्रै रहेको तरकारी बारीतर्फ गएको बताइएको छ । दुई जनाबीच भनाभन भएको र घटना घटेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । मृतक महिलाले लगाएको करीब दुई तोलाको सिक्रीसमेत अभियुक्त बानियाँ बस्ने ठाउँबाट बरामत गरिएको छ । मुख्य न्यायाधीश बस्ने क्वाटरको कोठामा घटना घटाइ घिसारेर लगेर बलँसीमा फालेको अभियुक्त बानियाँले दिएको बयानमा खुलेको छ ।

सीमभञ्ज्याङमा सात ताल बन्ने

■ कुमार नेगी

टिस्टुङ–मकवानपुरको सबैभन्दा अग्लो स्थान सीमभञ्ज्याङमा सातवटा ताल निर्माण गरिने भएको छ । बहुवर्षीय योजनाअन्तर्गत सो ताल निर्माण गर्न वाग्मती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७८/०७९ मा रु ३३ लाख बजेट विनियोजन गरेको छ ।

प्रदेश भौतिक पूवार्धार विकासमन्त्री रामेश्वर फुयाँलले थाहा नगरपालिका-४ सीमभञ्ज्याङ क्षेत्रको सौन्दर्यीकरण र सीमसार क्षेत्र संरक्षणसहित सडक किनारामा ताल निर्माण गर्न लागिएको बताए । सीमभञ्ज्याङको करीब दुई हजार ५०० मिटरको उच्च क्षेत्रबाट अटुटरूपमा बगिरहने पानीलाई बाँध बनाएर ताल निर्माण गर्नेगरी प्रदेश सरकारले प्रतिवेदन तयार पारिसकेको छ ।

गत २९ कात्तिकमा मन्त्रालयका सचिव सञ्जीव बराल, भीमफेदी-कुलेखानी पोष्टबहादुर बोगटी सुरुङमार्ग निर्माण आयोजनाका प्रमुख नवीन सिंह, जलस्रोत तथा सिँचाइ विकास डिभिजनका प्रमुख मनोहर रिजाल, खानेपानी तथा सरसफाइ डिभिजन-१का प्रमुख बालमुकुन्द श्रेष्ठलगायत प्राविधिक टोलीसहित मन्त्री फुयाँलले स्थलगत अवलोकन गरेका थिए । सोही क्रममा उनले डिभिजनका प्रमुख रिजाललाई सीमभन्ज्याङमा पर्वतीय कृत्रिम ताल निर्माण गर्न वैज्ञानिक अध्ययन गर्न आग्रह गरेका थिए । नेकपा (एमाले) थाहानगर कमिटीले सीमभञ्ज्याङ, दामन, त्रिवेणीधाम, राष्ट्रिय विभूति उद्यान, महाकवि मार्ग, ढुङ्गेधारा, राजकुलो पुनःनिर्माणलगायतका पर्यटकीय पूर्वाधारको विकासका लागि आवश्यक बजेट विनियोजन गर्न संघ तथा प्रदेश मन्त्रालयमा पहल गर्दै आएको थियो ।

अहिले स्थानीयबासी उत्साहित भएका छन् । हालसम्म सीमभञ्ज्याङमा पर्वतीय तालका लागि तत्कालीन स्थानीय विकास मन्त्रालयबाट सात लाख, शहरी विकास मन्त्रालयबाट तीन लाख र थाहाबाट तीन लाख गरी १३ लाख खर्च भइसकेको छ । हाल दुई कृत्रिम ताल रहेकामा सो समेतलाई पुनर्संरचना गरी सात ताल निर्माण गर्न लागिएको जलस्रोत तथा सिँचाइ विकास डिभिजनका प्रमुख मनोहर रिजालले जानकारी दिए । समुद्र सतहबाट करीब दुई हजार ५०० मिटरको उचाइमा रहेको सीमभञ्ज्याङमा पर्वतीय सात ताल निर्माणसँगै 'घुम्न जाउँ सीमभञ्ज्याङ' कार्यक्रम सञ्चालन गरिने भौतिक पूर्वाधार विकास मन्त्रालयले तयारी गरेको छ । स ताल निर्माणस्थल त्रिभुवन राजपथसँगै नाङ्गेचुली र ब्योमकुट पर्वतको खोँचस्थित सीमसार क्षेत्रमा रहेको छ । यस वरपर सयौं वर्षदेखिका पुराना खस्रुका रुख रहेका छन्, भने लोक्ता, लौठसल्ला, पाषाणभेद, अलमले झार, रङ्गीविरङ्गी गुराँसका साथै बहुमूल्य जडीबुटी रहेका छन् । रासस

लिदी पहिरोबाट विस्थापितहरूका लागि अस्थायी आवास

■ प्रभाव संवाददाता

सिन्धुपाल्चोक-सिन्धुपाल्चोक जिल्ला, जुगल गाउँपालिका-२ स्थित लिदिमा गएको पहिरोको कारण पुर्णरूपमा विस्थापित भएकाको लागी सेनाले अस्थायी आवास निमार्ण गरिदिएको छ ।

उक्त गाउँपालिका-१ स्थित बासखर्कमा अस्थायी रूपमा पालमा बसोबास गर्दै आईरहेका २८ परिवारहरू तथा विपद् जोखिममा रहेका अन्य घरपरिवारलाई समेत सुरक्षित स्थानमा स्थानान्तरण गर्ने उद्देश्यका साथ जुगल गाउँपालिका तथा नेपाल पुनर्निर्माण प्राधिकरण जिल्ला कार्यान्वयन ईकाइको सहयोगमा बासखर्क ईलाकामा नेपाली सेनाले आफ्नो दक्ष जनशक्ति प्रयोग गरि १३ वटा अस्थायी बासस्थान निर्माण गरेको छ ।

जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकबाट स्थानीयवासीहरूको सहभागितामा नेपाली सेनाबाट निर्माण कार्य सम्पन्न गराउनु अनुरोध भएअनुरूप नेपाली सेनाको गोरखबक्स गणबाट ५१ जनाको टोली (दक्ष जनशक्ति सहित) उक्त स्थानमा परिचालित भई निर्माण कार्य गर्दै आईरहेको छ । साथै, कुल ४५ वटा अस्थायी घर बनाउने योजना रहेको उक्त परियोजनाको लागि आवश्यक पर्ने सम्पुर्ण निर्माण सामग्रीहरू जुगल गाउँपालिकाले उपलब्ध गराएको छ भने नेपाल पुनर्निर्माण प्राधिकरण जिल्ला कार्यान्वयन ईकाइले प्राबिधिक सहयोग उपलब्ध गराएको छ ।

नेपाली सेनाद्वारा गरिएका यस प्रकारका कार्यहरूले बिपद्का कारण विस्थापित भएकाहरूको लागि आवास उपलब्ध हुनुका साथै सैनिक-नागरीक सम्बन्ध थप सुदृढिकरण हुने विश्वास नेपाली सेनाले लिएको छ ।

सरकारी विद्यालय हुनु त यस्तो पो !

■ पवित्रा घिमिरे

तानसेन–रामपुर नगरपालिका बेझाडस्थित रामतुलसी माध्यमिक विद्यालय विद्यार्थीको तथा अभिभावकको पहिलो रोजाइ बन्ने गरेको छ । सुविधायुक्त कक्षाकोठा, विद्यालय हाताभित्रै खाजाघर, शौचालय, पानीको व्यवस्था, खेल मैदान, अनुशासित वातावरणमा पढाइ र अतिरिक्त क्रियाकलापले सो विद्यालय सबैको आकर्षण भएको हो ।

जिल्लाकै धेरै विद्यार्थी रहेको सो विद्यालयलाई अहिले प्रदेशमै उत्कृष्ट नमूना विद्यालयका रूपमा विकास गरिँदैछ । दुई हजार १०० विद्यार्थी अध्ययनरत सो सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्केको गुनासो बढिरहेका सयममा जिल्लाका सामुदायिक विद्यालयलाई थप व्यवस्थित पारिँदै छ । सो व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद पौडेल विद्यालयलाई नूमना विद्यालयका रूपमा विकसित गरिने जानकारी दिए ।

नियमित लेखा परीक्षण, अध्यापनशैली तथा विद्यार्थीको शैक्षिक प्रगतिका आधारमा यस विद्यालयलाई विसं २०७४ मा सरकारले नमूना विद्यालयका रूपमा छनोट गरेको थियो ।

कक्षा नर्सरीदेखि कक्षा १२ सम्म अंग्रेजी, नेपालीसँगै विज्ञान तथा बालीविज्ञान विषयमा पढाइ हुने सो विद्यालयमा अहिले करीब एक करोड लागतमा मन्टेश्वरी अवधारणामा प्रारम्भिक बालविकास तह तयार पारिएको छ । करीब ११३ रोपनी जग्गा रहेको सो विद्यालयमा बालबालिकालाई प्लेग्रुपदेखि युकेजीसम्म पढाइ हुनेगरी विद्यालय भवन तयार गरी भान्सा, शौचालय, बिछ्यौना, प्रशस्त खेलौना छुट्टै खालको प्रबन्ध गरिएको छ ।

अध्यक्ष पौडेलले सानैदेखि अंग्रेजीमा जान्ने बुझ्ने गराउँदै विद्यार्थीमा अन्तरनीहित क्षमताको विकासका निम्ति प्रारम्भिक बालविकासमा कम शुल्कमा पढाउने व्यवस्था हुने जानकारी दिए । उनले भने, 'अहिले पनि पाल्पासँगै गुल्मी, दाङ, प्यूठान, कालीकोट, काठमाडौँ, स्याङ्जा, तनहुँ र नवलपुरबाट समेत विद्यार्थी विज्ञान, बालीविज्ञानलगायतका विषय अध्ययनका निम्ति आएका छन् । सामुदायिक विद्यालयलाई हेर्ने दृष्टिकोण बदलेर उत्कृष्ट विद्यालय बनाउने प्रयत्नमा जुटेका छौँ ।'

सरकारी विद्यालयमा पनि कक्षा नर्सरीदेखि कक्षा ५ सम्म अंग्रेजी माध्याममा पढाइ हुन थालेपछि निजी विद्यालयप्रति सबैको आकर्षण बढेको शिक्षक लेखनाथ शर्मा मरासिनीले बताए । करीब ३६ रोपनी जग्गामा विद्यालयका करीब १८ वटा भवन संरचना निर्माण छन् भने करीब २४ रोपनी जग्गामा कृषि फर्म सञ्चालन भएको छ । कतिपयले स्याङ्जा, तनहुँ तथा नवलपुरबाट समेत रामपुरमा कोठा भाडामा लिएर छोराछोरी विद्यालयमा पढाउन आउने गरेको उनको भनाइ छ ।

बिहानै विद्यालय पुग्ने विद्यालयका प्रधानाध्यापकले बेलुकासम्म नै विद्यालयमा खट्ने गरेको विद्यालयका सहयोगी कुलबहादुर दरैले बताए । उनले भने, 'प्रधानाध्यापक बिहानैदेखि स्कुलमा आएपछि बेलुकासम्म खट्नुहुन्छ । समयभन्दा कसैले तलमाथि गर्न पाउँदैन । घण्टी बज्नेबित्तिकै सर कक्षामा पस्नुहुन्छ, तोकिएका समयमा विद्यालय नपुग्ने विद्यार्थी र शिक्षकलाई कारवाही हुन्छ ।' अहिले कोभिड- १९ को जोखिम भएकाले इन्टरनेट अनलाइनका माध्यामबाट अध्यापन गराइएको छ ।

विद्यालय पुगेर कक्षा सञ्चालन, पठनपाठन, अतिरिक्त क्रियाकलापबारे चासो राख्दा पनि विद्यार्थी तथा शिक्षक अनुशासनमा डोऱ्याउन सहज हुने प्रधानाध्यापक बालकृष्ण लम्साल बताउँछन् । उनले भने, 'विद्यालयमा सुविधा सम्पन्न भवन, खेल मैदान, अनुशासित ढङ्गले पढाइ हुने वातावरण छ, कम्प्युटर प्रयोगशाला र प्रविधियुक्त शिक्षाको विकास भइरहेको छ ।' विद्यार्थीलाई सानैदेखि प्रशस्त खेलकूद सामग्री जुटाएर खेल्दै, सिक्दै गर्ने वातावरण सिर्जना गरेका छौँ, प्रधानाध्यापक लम्सालले भने ।

विद्यालयमा प्राविधिकधारतर्फको व्यवस्थापनका लागि अत्याधुनिक ल्याब सञ्चालनका निम्ति करीब २८ लाख बराबरको सामग्री खरीद गरिएको छ । यस वर्ष विद्यालय बस सञ्चालनमा ल्याउने र आगामी वर्ष छात्राबास सञ्चालनको योजना रहेको विद्यालयले जनाएको छ ।

सहुलियत तरिकाबाट विद्यार्थीलाई शिक्षा प्रदान गर्ने विद्यालयले आर्थिक अभावका कारण समस्यामा परेका विद्यार्थीलाई निःशुल्क भर्ना, किताब, विद्यालय भर्नाकोसमेत प्रबन्ध गरिने जनाएको छ । रामपुर नगरपालिका शिक्षाशाखा अधिकृत विकल काफ्लेले लुम्बिनी प्रदेशमा उत्कृष्ट विद्यालयका रूपमा छुट्टै पहिचानका साथ स्थापित हुन लागेको बताए । रासस

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय धनगढी

सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथमपटक प्रकाशित मिति ०७८।०३।३०

यस शाखा कार्यालय अन्तर्गत ४ (चार) थान डिप ट्युबवेल निर्माण र एच.डी.पी.पाइप तथा फिटिङ्स खरिद कार्य ठेक्का पट्टा प्रक्रियाबाट गराउनु पर्ने भएकाले इजाजत प्राप्त निर्माता कम्पनी , फर्म तथा डिप ट्युबवेल निर्माण कम्पनी वा फर्महरूबाट रीतपूर्वक प्रत्येक प्याकेजका लागि छुट्टाछुट्टै सिलबन्दी बोलपत्र आह्वान गरिएको छ । यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३०औँ दिनसम्म कार्यालय खुला रहेको समयभित्र रु ३०००।०० (तीन हजार पछि फिर्ता नहुने गरी) बुझाई चालु आ.व.को नवीकरण गरेको इजाजत पत्र, आयकर प्रमाणपत्र तथा मूल्य अभिवृद्धि कर र डिप ट्युबवेल निर्माणको हकमा कम्पनी वा फर्मको नाममा रहेको उपकरणहरूको तल उल्लेखित साइजसम्म ड्रिल गर्ने क्षमताको मेसिन उपकरण भएको प्रमाण पत्रहरूको प्रतिलिपि संलग्न राखी निवेदन साथ कार्यालय समयभित्र लेखा फाँटबाट (छुट्टाछुट्टै ठाउँका लागि छुट्टाछुट्टै) बोलपत्र फारम खरिद गर्न सकिने छ र ३१औँ दिनको १२ बजेभित्रमा खरिद गरिएको बोलपत्रहरू तोकिएको कार्यालयमा दर्ता गराइसक्नु पर्ने छ । साथै सोही दिन दर्ता हुन आएका बोलपत्रहरू दिनको २ बजे यस कार्यालयमा नियमानुसार खोलिने छ । अन्य विस्तृत जानकारीका लागि कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । कार्यालयको फोन नं. ०९१-५२४४७१ र ०९१-५२३०७१ मा सम्पर्क गर्न सकिने छ । कार्यहरूको विवरण निम्न अनुसार रहेको छ ।

ठे.नं.	निर्माण कार्यको विवरण	बोलपत्र दस्तुर (पछि फिर्ता नहुने)	लागत अनुमान (मू.अ.क.वाहेक)	धरौटी रकम रु.
DHI /०७७/०७८/१५	डिप ट्युबवेल ड्रिलिङ्ग तथा निर्माण कार्य ध.उ.म.न.पा. वडा नं. १ शाान्तीनगर टोल (३०० एम.एम.X२००एम.एम.X२३० मिटर)	३०००।००	४१४९११९।६६	१,१५,०००।००
DHI /०७७/०७८/१६	डिप ट्युबवेल ड्रिलिङ तथा निर्माण कार्य ध.उ.म.न.पा. वडा नं. ११ घोरस (३०० एम.एम.X२००एम.एम.X२३० मिटर)	३०००।००	४१४९११९।६६	१,१५,०००।००
DHI /०७७/०७८/१७	डिप ट्युबवेल ड्रिलिङ्ग तथा निर्माण कार्य ध.उ.म.न.पा. वडा नं. १३ कैलाली गाउँ घोरसुवा, धनलान डाँडा (३०० एम.एम.X२००एम.एम.X२३० मिटर)	३०००।००	४१४९११९।६६	१,१५,०००।००
DHI /०७७/०७८/१८	डिप ट्युबवेल ड्रिलिङ्ग तथा निर्माण कार्य ध.उ.म.न.पा. वडा नं. १७ धुरजन्ना (३०० एम.एम.X२००एम.एम.X२३० मिटर)	३०००।००	४१४९११९।००	१,१५,०००।००
DHI /०७७/०७८/१९	एच.डि.पि.पाइप जडान तथा फिटिङ्स खरिद	३०००।००	२१,९०,३००।००	६१,५००।००

प्रभाव दैनिक

रूपशाला

तिज गीत 'बारूली कम्मर' सार्वजनिक

गायिका शर्मिला तिवारी र गायक विरेन रिसालको आवाजमा रहेको मौलिक तिज गीत 'बारूली कम्मर' बुढासुब्बा डिजिटलको युट्युबमार्फत सार्वजनिक भएको छ। विरेन रिसालको शब्द तथा युनिक भोजराज विश्वकर्माको लय सिर्जना गीतमा छ । प्रस्तुत गीतको म्युजिक भिडियोमा रेनु थापा र रूसिल रूसिले आकर्षक नृत्य प्रस्तुत गरेका छन्। दिवश गुरूङको छायांकन, सुवास देवकोटाको सम्पादन तथा राजन महर्जनको कोरियोग्राफी तथा निर्देशनमा भिडियो तयार भएको हो।

बुधबार, ३० असार २०७८ (Wednesday, July 14, 2021)

तीन फिल्ममेकरलाई नगद पुरस्कार

■ प्रभाव संवाददाता

काठमाडौं– फिल्म मेकिङमा पछिल्लो पुस्ताको सहभागिता सन्तोषजनक छ। उनीहरूले परम्परागत फिल्म मेकिङको धार परिवर्तन गर्न विभिन्न समयमा चुनौती मोल्दै आएका पनि छन्।

पछिल्लो समय लुट, कबड्डीजस्ता सफल चलचित्रको निर्देशन तथा निर्माणमा युवा पुस्ताको सहभागिता थियो। यस्तै क्रममा तीनजना तन्नेरी फिल्म निर्माताहरूलाई प्रोत्साहन गर्न नगद पुरस्कार दिइएको छ।

शान्ता नेपाली, सुनिल गुरुङ र ज्योत्सनासिंह ठकुरीलाई पाँच-पाँच लाख रूपैयाँ राशीको 'लघु फिल्म निर्माण पुरस्कार' प्रदान गरिएको हो। भर्च'अल प्रेसमिटमा आयोजित समारोहमा उनीहरूलाई विराटनगरस्थित नर्थ साउथ कलेक्टिभ्सले पुरस्कार प्रदान गरेको हो। नेपालीको फिल्म मुना, ठकुरीको एलेक्सिया र गुरुङको विन्ड हर्सले पुरस्कार जितेका हुन्।

उनीहरूले सन् २०२१ को अन्त्यसम्म फिल्म निर्माण गर्न'पर्नेछ। १५ मिनेटको आख्यान विधाको फिल्म बनाउन उनीहरूलाई पुरस्कार प्रदान गरिएको हो। उक्त संस्थाले गोग्रहा फिल्म कार्यशाला आयोजना गरिरहेको छ। निर्देशक दीपक रौनियारले यसअघि विराटनगर फिल्म कार्यशालाको रूपमा यसलाई चलाउँदै आएका थिए।

एक्स ९ को तयारीमा अनमोल

■ प्रभाव संवाददाता

काठमाडौं– कोरोना भाइरसको संक्रमण कम भएसँगै नेपाली चलचित्र क्षेत्र विस्तारै लयमा फर्किन थालेको छ। कोरोना महामारीका कारण स्थगित गरिएका चलचित्रको सुटिङको काम धमाधम सुरु गर्ने तयारीमा निर्माता तथा निर्देशकहरू लागेका छन्। कोरोना महामारीको दोस्रो लहरका कारण छायांकन सुरु गर्न लागेका र बीचमै रोकिएका चलचित्रहरू पुनः फ्लोरमा जाने तयारीमा जुटेका हुन्। केहीले छायांकन सुरु हुने मिति सार्वजनिक गरिसकेका छन् भने केही पर्ख र हेरको अवस्थामा छन्। सानो पर्दाका चलचित्रहरू भने सुरु भइसकेका छन्।

यस्तैमा अभिनेता अनमोल केसी पनि नयाँ चलचित्र गर्ने तयारीमा जुटेका छन्। हाल नेपाली फिल्म क्षेत्रमा सबभन्दा विकाउ अभिनेता अनमोल 'एक्स ९' को लागि रिजर्भ बसेका छन्। आफ्नै होम प्रोडक्सनको तीन वटा चलचित्रलाई पर सारेर उनी उक्त फिल्मका लागि तयारी अवस्थामा बसेका हुन्। यद्यपि 'एक्स ९' को तिहारपछि मात्र हुने अनुमान गरिएको छ।

लामो समयदेखि निर्देशक मुकुन्द भट्टसँग उनको निरन्तर छलफल भइरहेको छ। ७५ लाख पारिश्रमिकसहित उनलाई फिल्म 'एक्स ९' अफर गरिएको थियो। उनी फिल्ममा काम गर्न सकारात्मक छन्। दुवै पक्ष साउनभित्र कागजी सम्झौता गर्ने तयारी रहेको स्रोतले बताएको छ।

अनमोलले यो फिल्मको छायांकन पूरा गरेपछि मात्र घरको फिल्म 'एन्टी हिरो', 'पारस' र 'माइतीघर-२' लाई समय दिने बताइएको छ। तिहारपछि छायांकन सुरु हुने 'एक्स ९' का लागि उनले अहिलेदेखि नै शरीर सुगठित बनाउन कडा मिहिनेत गरिरहेको जानकारी प्राप्त भएको छ। फिल्ममा उनी एक्सन अवतारमा प्रस्तुत हुनेछन्। यसअघि फिल्म 'कृ' मा पनि उनी एक्सन भूमिकामा देखिएका थिए।

फिल्ममा सौगात मल्ल, पुष्प खड्का, अनुपविक्रम शाही, प्रियंका थापा र राज कटुवाल पनि मुख्य भूमिका रहने निर्देशक भट्टले जनाएका छन्। नेपालसँगै युरोपका विभिन्न सहर र आबुधाबीमा फिल्मको सुटिङ हुनेछ। निर्माण टिमले फिल्मका लागि भिलेनको भूमिका बलिउड अभिनेता सुनील शेट्टीलाई अफर गरेको जानकारी दिएको छ। तर, उनीसँग कागजी सम्झौता भने भएको छैन।

फिल्म 'होस्टेल' बाट नायकको रूपमा डेब्यू गरेका अनमोलले आफ्नो करिअरमा 'जेरी, ड्रिम्स, गाजलु, ए मेरो हजुर ३' जस्ता सुपरहिट फिल्म दिइसकेका छन्। फिल्म 'कृ र क्याप्टेन' भने अपेक्षाकृत चलेनन्। हरेक फिल्ममा अभिनयको आलोचना खेप्दै आएको भए पनि छोटो समयमा उनले जुन खालको लोकप्रियता र स्टारडम बनाएका छन्, त्यो साँच्चै लोभलाग्दो र उदाहरणीय छ।

अनमोल फिल्म 'ए मेरो हजुर ४' को छायांकन सकेपछि घरमै सीमित छन्। दोस्रो चरणको कोरोना महामारी नफैलिएको भए उनले यतिबेलासम्म होम प्रोडक्सनको फिल्म 'एन्टी हिरो, पारस र माइतीघर २' मध्ये एक फिल्मको छायांकन भ्याइसकेका हुने थिए। त्यस्तै, 'ए मेरो हजुर ४' रिलिजको मुखमा हुन्थ्यो। तर, कोरोनाले गर्दा फिल्म निर्माणदेखि रिलिजसम्म प्रभावित भएको छ।

रंगशाला

सातौं सगरमाथा अन्तर्राष्ट्रिय कराते

विष्णुदेवी डोजो टिम च्याम्पियन

■ प्रभाव संवाददाता

काठमाडौं - सातौं सगरमाथा अन्तराष्ट्रिय कराते प्रतियोगिता सम्पन्न भएको छ। नेपाल सितोरियो कराते संघको वार्षिक कार्यक्रम शाखा डोजो नक्सालको २२ वार्षिक उत्सवको अवसरमा प्रतियोगिता आयोजना भएको हो।

प्रतियोगितामा नेपालको बिष्णुदेबी डोजो टिम च्याम्पियन बनेको छ। भारत टिम दोस्रो र बेलौरी नगरपालिका कन्चनपुर फेयर प्ले टिम र लालझाडी गाउपालिका कन्चनपुर अनुशासित टिम घोषित भएका छन्।

प्रतियोगितामा पुरुषतर्फ भारतका प्रत्युस सिंह र महिलातर्फ नक्साल डोजो नेपालकी रश्मिता श्रेष्ठ उत्कृष्ट खेलाडी घोषित भए। नेपालकी दिलाशा श्रेष्ठ उदयमान खेलाडी बनिन्।

विजेता खेलाडीहरूलाई प्रमुख अतिथि तथा राष्ट्रिय खेलकुद परिषदका सदस्य-सचिव रमेश कुमार सिलवाल,राष्ट्रिय खेलकुद परिषदका सदस्य पुरेन्द्र बिक्रम लाखे, महेश कुमार श्रेष्ठ, अन्तराष्ट्रिय निर्णायक राजेन्द्र कपाली, अन्तराष्ट्रिय निर्णायक महृश रन्जित, ओलम्पियन दिपक बिष्ट, आयोजक डोजोका अध्यक्ष गजेन्द्र बहादुर खपाङ्गी लगायतले पुरस्कृत गरे।

कार्यक्रममा खेलकुद क्षेत्रमा योगदान पुर्याए बापत करातेका राजेन्द्र क्षेत्री, तेक्वान्दोका प्रशिक्षक मनोज खड्गी, सोतोकान करातेका निवाश गोपाल बैद्य, करातेका अन्तराष्ट्रिय निर्णायक राजेन्द्र कपाली, करातेका राष्ट्रिय निर्णायक बद्री कुमार खत्री, नक्साल डोजोका संस्थापक सदस्य प्रमिला खपाङ्गी, सोमलाल बलामी, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीहरू रश्मिता श्रेष्ठ, सोनम वलामी, आकाश पाल, उमेश गुरुङ, दिलाशा श्रेष्ठलाई सम्मान-पत्रद्धारा सम्मान गरिएको थियो।

ओलम्पिकमा गौरीकाले नेपाली झन्डा बोक्ने

■ प्रभाव संवाददाता

काठमाडौं – जापानमा आयोजना हुने टोकियो ओलम्पिकमा नेपालको झण्डा पौडीकी गौरिका सिंहले बोक्ने भएकी छिन्।

नेपाल ओलम्पिक कमिटिले मंगलबार पत्रकार सम्मेलन गर्दै ओलम्पिकको उद्घाटनको मार्च पासमा गौरिकाले नेपालको झण्डा बोक्ने जानकारी दिएको छ।

गौरिकाले दोस्रो पटक ओलम्पिक खेल्न लागेकी हुन्। उनी २०१६ को रियो ओलम्पिकमा ओलम्पिककै सर्वाधिक कम उमेरको खेलाडी बनेकी थिइन्। नेपालमा आयोजना भएको १३ औं सागमा गौरिकाले ४ स्वर्ण, २ रजत र ३ कांस्य जितेकी थिइन्।

यस्तै नेपाली टोलीको सेफ द मिसनमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) सदस्य सचिव रमेश कुमार सिलवाल रहेको ओलम्पिक कमिटिले जनाएको छ।

टोकियो ओलम्पिकमा नेपालबाट खेलाडी र अफिसियल गरि कुल २६ जनाको सहभागिता रहने ओलम्पिक कमिटीले जनाएको छ। जसमा पाँच खेलाडी र चार प्रशिक्षक छन्। टोकियो ओलम्पिकमा पौडीबाट गौरिकासँगै एलेक्जेन्डर शाह (एलेक्स) एथलेटिक्सकी सरस्वती चौधरी, सुटिङकी कल्पना परियार र जुडोकी सोनिया भट्टले नेपालको प्रतिनिधित्व गर्ने छन्।

पौडीका दुई र एथलेटिक्सका एक खेलाडीले युनिभर्सियालियाटी प्लेस' अन्तर्गत ओलम्पिक खेल्न लागेका हुन्। बाँकी दुई खेलाडीले भने वाइल्ड कार्ड पाएका हुन्।

गौरिकाले वुमेन्स १०० सय फ्रि स्टाइल र एलेन्जान्डरले मेन्स १०० मिटर फ्रि स्टाइलमा खेल्नु हुनेछ। कल्पनाले वुमेन्स १० मिटर एयर राइफल, सानियाले वुमेन्स ४८ केजी तौल समूह तथा सरस्वतिले वुमेन्स १०० मिटर दौडमा सहभागिता जनाउने छिन्।

प्रशिक्षकमा पौडीका शंकर कार्की, सुटिङका असिम यादव, जुडोका सूर्यनारायण श्रेष्ठ र एथलेटिक्सकी इन्द्रकुमारी मल्ल रहेका छन्। टोकियो ओलम्पिक जुलाई २३ देखि अगस्ट ८ सम्म हुनेछ।

इराकको एक अस्पतालमा आगलागी हुँदा ४१ को निधन

बगदाद–इराकको एक अस्पतालमा भएको आगलागीमा परी कम्तीमा पनि ४१ को ज्यान गएको छ । इराकको दक्षिण प्रान्त धिक्वारमा सो दुर्घटना भएको हो ।

उक्त अस्पतालमा कोभिड-१९का बिरामीको उपचार जारी रहेको थियो । अस्पतालमा सोमबार राति अकस्मात आगो लागेको थियो । सो अस्पताल इराकको राजधानी बगदादबाट करिब ३७५ किलोमीटर टाढा रहेको छ ।

विशेषगरी कोभिडका बिरामीको उपचार जारी रहेको सो अस्पतालमा आगो लागेको यहाँका सुरक्षा अधिकारीले जानकारी दिएका छन् । नासियारा शहरको सो अस्पतालमा आगलागी भएको बताइएको छ ।

उक्त अस्पतालमा निर्माण गरिएको कोभिड-१९ का सङ्क्रमितलाई राखेर उपचार गर्ने क्वारेन्टाइनमा सो आगलागी भएको थियो । त्यसमा परेर ४१जनाको ज्यान नै गएको बताइएको छ भने अरु केही बिरामी घाइते भएका छन् ।

अस्पतालमा आगो लागेपछि ठूलो संख्याका अग्नि नियन्त्रक आगो निभाउनका लागि खटाइएको थियो । तर उनीहरूले पनि लामो समयसम्म आगो नियन्त्रणमा लिन नसकेपछि ठूलो क्षति हुनपुगेको बताइएको छ । इराकी प्रधानमन्त्री मुस्ताफा अल कादिमीले सो आगलागीको कारण र यसले उत्पन्न गर्नसक्ने अवस्थाका बारेमा छलफल गर्न मन्त्रिपरिषद्को आकस्मिक बैठक नै बोलाएको थियो ।

त्यस्तै इराकको संसद्का सभामुखले सोमबार राति ट्वीट गर्दै इराकी संसद्को बैठकमा मंगलबार सो आगलागीका बारेमा छलफल गरिने कार्यक्रम बनाइएको जानकारी दिएको थियो ।

यहाँको प्रहरीले उक्त अस्पताल भवनमा केकति कारणले आगलागी भएको हो भन्ने बारेमा अनुसन्धान थालेको बताएको छ । त्यस आगलागीमा परेर ज्यान जानेमा प्राय बिरामी नै परेका अनुमान गरिएको छ । यस विषयमा अस्पतालले केही बताएको छैन । अस्पतालले सो अस्पताल भवनमा कोभिड १९का सङ्क्रमितको उपचार केन्द्र राखिएको र त्यहाँ कोभिडका मात्र बिरामीको उपचार गर्ने गरिएको जनाएको छ । (रासस/सिन्ह्वा)

होटल भवन भत्किँदा आठ जनाको मृत्यु, नौ जना हराए

नानजिन–चीनको पूर्वी प्रान्त जियान्सुको सुजोउ भन्ने स्थानमा रहेको एक अस्पताल भवन भत्किँदा त्यसमा रहेका आठ जना नागरिकको ज्यान गएको छ । सो भवन सोमबार अपरान्ह भत्किएको थियो ।

त्यसमा परेर आठ जनाको मृत्यु भएको छ भने अरु नौ जना हराइरहेका पनि बताइएको छ । जियान्सु प्रान्तका अधिकारीहरूले मंगलबार सो कुराको जानकारी दिएका पनि बताइएको छ ।

सोमबार अपरान्ह सो भवन भत्किँदा त्यसमा रहेका करिब २३ जना नागरिक च्यापिएका थिए ।

तीमध्ये आठ जनाको निधन भएको छ भने अरु नौ जना अझै पनि भवनभित्रै च्यापिएका छन् । अरुको सकुशल उद्धार गरी निकालिएको थियो । त्यसमा च्यापिएकाको उद्धारका लागि सुरक्षाकर्मी तथा अन्य उद्धारकर्मीले काम गरिरहेका छन् ।

त्यसैगरी सो भवन के कति कारणले भत्किएको हो भन्ने बारेमा अनुसन्धान शुरु भएको पनि प्रहरीले जानकारी दिएको छ । उक्त होटलको भवन के कसरी निर्माण गरिएको थियो भन्ने बारेमा अनुसन्धान थालिएको प्रहरीले जनाएको छ । (रासस/सिन्ह्वा)

काठ बिक्री वितरण सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति २०७८/०३/३०

उपरोक्त सम्बन्धमा यस सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वन क्षेत्रबाट नियमानुसार संकलन गरी समूहको कम्पाउण्डमा घाटगद्दी भएको विभिन्न ग्रेडका साल, अस्ना, सिसौं, हल्दु, खयर गरी जम्मा ९४ थानको ६२५.२७ परिमाण क्वीफिट काठ र मिश्रित दाउरा २ चट्टा दाउरा काठलाई सिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्रि गर्नुपर्ने भएकोले मूल्य अभिबृद्धि करमा दर्ता भई वन पैदावार सम्बन्धी कारोबार गर्ने काष्ठ व्यवसायी, ब्यक्ति, फर्म वा कम्पनी, उद्योगले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्रमा यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयबाट बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्र २२ औं दिनको दिउँसो ३ बजे भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्नहुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

श्री फुलबारी सामुदायिकवन उपभोक्ता समूह
घो. न. पा. ५ कैलाली

काठ बोलपत्रद्धारा लिलाम बिक्रिको सूचना

(प्रथमपटक सूचना प्रकाशित मिति: २०७८/३/३०)

श्री सुखानी सा. व. उ. स. माई न.पा.-४, इलामले आ.व. २०७६/०७७मा संकलन गर्न डि.व.का.इलामको च.नं.४००८ मिति २०७६/११/३०गतेको संकलन सहमती तथा डि.व.का. इलामकै च.नं. १५५ मिति २०७७/०४/२५ गतेको लगत प्रमाणित भए अनुसारको लट नं ६ को साल गोलिया थान २४को २७१.५२ क्यूफिट र लट नं. ७ को साल गोलिया थान २०को २७८.९८ क्यूफिट काठ जे जस्तो अबस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, काष्ठ व्यवसायी,संघ संस्था, फर्म वा कम्पनी (भ्याटमा दर्ता रहेको) ले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

- **अध्यक्ष**

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Salem Abdullah Saad Al-shahrani Car Maintenance Est
पूर्व स्वीकृति मिति:२०७८/०३/२८ चलानी नं.६०१५००९८ LT. No.241835

सि. नं.	कामदारको पद			मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	LOADING UNLOADING LABOUR	1	0	1100	३४,९०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा श्रावण ६ गते (21th July. 2021) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	कामदार आफैंले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Manpower Bazar, Sinamangal, Kathmandu
Phone : 9851068774, 9851164164, 9849964370, 9851035867,
+977-1-4488231, 4491316, Email: skymanpower1039@gmail.com
info@skymanpower.com, Web Site : www.skymanpower.com
Govt. License 1039/073/074

कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONVERT ENGINEERING AND TRADING
पूर्व स्वीकृति मिति :२०७८/०३/२९ LT. No.242428 चलानी नं.६०१५९८३१

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	QR	ने.रू.							
1	Building Worker	129	0	1000	३२,६८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौंमा मिति: श्रावण ६ गते (12th July. 2021) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने	भिषा शुल्क कसले व्यहोर्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैंले	बिमा हुने /प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले दिने	रु.७००/- कामदार आफैंले	रोजगारदाताले दिने

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Nepal Recruitment Consultancy Pvt. Ltd.
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4485647, 4485648 | Fax: +977-1-4485649
Email: info@nrc.com.np,, Website: www.nrc.com.np
श्रम ईजाजत नं. १००४/०६८/०६९

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MUHAILIB CEMENTS PRODUCTS CO GROUP
पूर्व स्वीकृति मिति: २०७८/०३/२९ LT. No. : 242086 चलानी नं. ६०१६०१०७

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	Truck Driver	4	0	1800	५७,१४०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: श्रावण ६ गते (21th July.2021) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur Tel No. 5528563, 5531210, 5525424, 9851049472
Email : humour777@gmail.com,infohumour@gmail.com, www.humouroverseas.com

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TELECOMMUNICATION ELECTRICAL & NETWORK ACCESSORIES SAUDI FACTORY
पूर्व स्वीकृति मिति : २०७७/१२/२७ पून : विज्ञापन स्वीकृति मिति : २०७८/०३/२९ LT.No.238938 चलानी नं.६०१५७०६६

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	LABOUR	3	0	1000	३१,७३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: श्रावण ६ गते (21th July. 2021) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	कामदार आफैंले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor, Kathmandu-31, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BUILDING SYMBOL GENERAL CONTRACTING
पूर्व स्वीकृति मिति : २०७८/०३/२९ LT. No. 242301 चलानी नं. ६०१५००७८

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	QR	ने.रू.							
1	DRIVER	2	0	1600	५२,२८५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Carpenter	3	0	1200	३९,२१५							

कम्पनी : QATAR TRADING & TRANSPORT COMPANY
पूर्व स्वीकृति मिति : २०७८/०३/२९ LT. No. 241733 चलानी नं. ६०१५००७९

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	QR	ने.रू.							
1	DRIVER	11	0	1600	५२,२८५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा श्रावण ६ गते (21th July. 2021) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	कामदार आफैंले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3,Marajgunj, Kathmandu, Phone No: 015908044/015906944
श्रम ईजाजत नं. ९५४/०६७/६८

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HOUSTON OPERATION AND MAINTATENECE CO. LTD
पूर्व स्वीकृति मिति : २०७८/०१/१३ पून विज्ञापन स्वीकृति मिति : २०७८/०३/२९ LT. No. 239829 चलानी नं. ६०१५८०५०

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	General Labor	10	0	1000	३१,७३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

कम्पनी : MEYDAN ELKHEEL EST
पूर्व स्वीकृति मिति : २०७८/०१/२५ LT. No. 240899 चलानी नं. ६०१५८०५०

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	Ordinary Worker	15	0	1000	३१,७३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा श्रावण ६ गते (21th July. 2021) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

JBR Associates Pvt. Ltd.
श्रम ईजाजत नं. ५१०/०६१/०६२
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
Mob No : 9801017866, 9841268351, 9813775981 Pokhara : 9856027539, 9856028841
E-mail : info@jbrassociate.com , Website : www.jbrassociate.com

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAHAL OF AL TATWEER Trucks and Equipment Maintaince
पूर्व स्वीकृति मिति: २०७८/०३/२९ LT. No. 241663 चलानी नं. ६०१५८०५७

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	Labour	1	0	1000	३१,७३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Truck Driver	2	0	1800	५७,१४५							

कम्पनी : Modern sak factory for powder paint
पूर्व स्वीकृति मिति: २०७८/०३/२८ LT. No. 240579 चलानी नं. ६०१५८०५९

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	LOADING UNLOADING LABOR	3	0	1000	३१,७३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा श्रावण ६ गते (21th July. 2021) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने	भिषा शुल्क कसले व्यहोर्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैंले	बिमा हुने /प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले दिने	रु.७००/- कामदार आफैंले	रोजगारदाताले दिने

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

G.R. Manpower Service Pvt. Ltd.
Samakhusi- 10, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com
श्रम ईजाजत नं. ८६१/०६६/०६७

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला - ९०५००।-	प्रति तोला - ९००००।-	प्रति तोला - १३००।-

मुठी रोपेर मुरी उब्जाउने तयारी: पाल्पामा गोरु जोतेर धान रोप्ने ठाउँ तयार गर्दै किसान । गाउँमा खेतबारी खनजोत गर्न ट्र्याक्टर, पावर टिलर, मिनिटिलर भित्रिएसँगै गोरु जोतेर खेत रोप्ने परम्परा पछिल्लो समय हटाउँदै गएको छ । तस्बिर : सुशीला रेग्मी/रासस

नेप्से परिसूचकमा दोहोरो अंकको वृद्धि

१६ अंकले नेप्से बढ्दा साढे ५ अर्बको कारोबार

प्रभाव संवाददाता

काठमाडौं– धितोपत्र बजारमा मंगलबार शेयर कारोवार मापक नेप्से परिसूचक दोहोरो अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १६.३४ बिन्दुले उकालो लागेर दुई हजार ८७१.०३ मा पुगेको छ । यस्तै, ठूला कम्पनीको शेयर कारोवार मापन गर्ने सेन्सेटिभ परिसूचक ४.७४ बिन्दुले उकालो लागेर ५३९.५१ मा पुगेको छ ।

कूल २२३ कम्पनीको एक करोड २३ लाख ४८ हजार ३८९ कित्ता शेयर रु पाँच अर्ब ५४ करोड ६३ लाख ५६ हजार २२४ मूल्यमा खरिद बिक्री भए । मङ्गलबारको कारोवारपछि बजार पूँजीकरण रु ३९ खर्ब ९३ अर्ब ७५ करोड ९४ लाख ५० हजार बराबर पुगेको छ ।

कारोवार भएका कूल १३ उपसमूहमध्ये आज जीवन बीमा उपसमूहको मात्रै शेयर ओरालो लागेको छ । सो उपसूहको शेयर ६६.१९ बिन्दुले घट्दा अन्य १२ उपसमूहको शेयर भने उकालो लागेको छ । बैंकिङ १४.२४, व्यापार ८.४१, होटल तथा पर्यटन १९.२९, विकास बैंक ७०.३३, जलविद्युत् १३.९१, वित्त ९३.७८, निर्जीवन बीमा १४.४, उत्पादन ५.०९, अन्य ८.११, लघुवित्त ३३.९३, सामूहिक लगानी कोष ०.०१ र लगानी ०.४ बिन्दुले उकालो लागेको छ ।

कारोवारका आधारमा नेपाल बङ्गलादेश बैंक शीर्ष स्थानमा रहेको छ । सो बैंकको रु ४५ करोड ४७ लाख ४७ हजार १८८ बराबरको कारोवार भयो । यस्तै, नेपाल लाइफ इन्स्योरेन्स रु २३ करोड ३५ लाख ३३ हजार २६८, एनआइसी एशिया बैंक रु १९ करोड ९५ लाख १९ हजार ८९१, निर्धन उत्थान लघुवित्त रु १९ करोड ९० लाख ६१ हजार ९८० र नबिल बैंक रु १८ करोड ३० लाख ९० हजार ६९६ बराबरको कारोवार भई शीर्ष स्थानमा रहे ।

NEPAL STOCK EXCHANGE LTD.
NEP

नेप्सेका अनुसार सेन्ट्रल फाइनान्स ६.९८, समृद्धि फाइनान्स ६.७९, मञ्जुश्री फाइनान्स ६.६६, प्रागेसिभ फाइनान्स ६.५९ र आइसिएफसी फाइनान्सका लगानीकर्ताले ६.५२ प्रतिशतले कमाए । यसैगरी, सानिमा लार्ज क्याप फण्ड ३.०८, सिइडिबी हाइड्रोपावर १.६१, इन्फिनिटी लघुवित्त १.३४, ग्लोबल आइएमई समुन्नत स्किम एक १.२६ र नेपाल लाइफ इन्स्योरेन्सका लगानीकर्ताले १.१२ प्रतिशतले गुमाए ।

कर्णालीमा सुरु भएन बजेट छलफल

प्रभाव संवाददाता

सुर्खेत – आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट प्रस्तुत गरेको एक महिना बित्नै लाग्दासमेत कर्णाली प्रदेशसभामा अझै छलफल शुरु हुन सकेको छैन । प्रदेशसभामा प्रस्तुत बजेट असार महिनाभित्र पारित भइसक्नुपर्ने संवैधानिक व्यवस्था रहे पनि प्रमुख प्रतिपक्षी नेकपा (एमाले) को लगातारको अवरोधका कारण छलफलसमेत सुरु हुन नसकेको हो ।

प्रदेशसभामा गत असार १ गते आर्थिक मामिला तथा योजनामन्त्री गोपाल शर्माले आव २०७८/७९ का लागि रु ३६ अर्ब ५४ करोडको बजेट प्रस्तुत गरेका थिए । त्यसयता बसेका सबै बैठक एमालेको अवरोधपछि स्थगित हुँदै आएका छन् । प्रदेशसभाको आजको बैठकमा पनि कार्यसूचीमै प्रवेश गर्न पाएन । सभामुखले बैठक प्रारम्भ गर्नासाथ एमालेका प्रदेशसभा सदस्य सिटबाट उठेर अवरोध गर्दै आएका छन् । एमालेले सदनमा सर्वोच्च अदालतको आदेश विपरीत आफ्ना सदस्यलाई सरकारले सत्तापक्ष बनाएको भन्दै मन्त्री पदबाट नहटाएसम्म बैठक अवरुद्ध गरिरहने अडान राखेको छ ।

बैठकमा एमाले प्रदेशसभा सदस्य दानसिंह परियारले सर्वोच्च अदालतको आदेश र सभामुखले सदनमा वाचन गरेको पत्रको कार्यान्वयन गर्न सरकार गम्भीर नहुँदा बजेटजस्तो महत्वपूर्ण विषयमाथि छलफल हुन नसकेको बताए । नेकपा (माओवादी केन्द्र) र नेपाली कांग्रेस गठबन्धनको सरकारमा हाल एमालेका तीन सदस्य मन्त्री छन् । पार्टी निर्देशन विपरीत आफूलाई विश्वासको मत दिएपछि मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले एमालेका अम्मरबहादुर थापा, कुर्मराज शाही र नन्दसिंह बुढालाई लगत्तै मन्त्री पदमा नियुक्त गरेका थिए ।

प्रदेश सरकारमा थापा भौतिक पूर्वाधार तथा शहरी विकास, शाही भूमि व्यवस्था, कृषि तथा सहकारी र बुढा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री हुन् । पार्टी निर्देशन उल्लंघन गरेको आरोपमा एमालेले पदबाट मुक्त गर्न प्रदेशसभालाई सिफारिसका गरेका आधारमा प्रकाश ज्वालासहित उनीहरू तीन जना पदमुक्त भएका थिए । सर्वोच्च अदालतको जेठ २७ गतेको अन्तरिम आदेशबाट उनीहरूको पुनर्बहाली भएपछि एमाले र सरकारबीच सदनमा टकराव बढेको छ ।

तल्लो मोदी '१' को उत्पादन पुनःचालू

पर्वत – बाढीले क्षति पुऱ्याएपछि बन्द रहेको तल्लो मोदी '१' जलविद्युत् आयोजनाको उत्पादन शुरुआत भएको छ । नौ दशमलव पाँच मेगावाट क्षमता भएको सो आयोजनामा यही असार २२ गते राति आएको बाढीले क्षति पुऱ्याएको थियो । आइतबार साँझदेखि आयोजना सञ्चालनमा आएको युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडका प्रबन्ध निर्देशक उपेन्द्र गौतमले जानकारी दिए ।

उनका अनुसार कुश्मा नगरपालिका- ८ दोबिल्लास्थित सुन्दरखोलामा आएको बाढीले आयोजनाको मुहान र झण्डै ३०० मिटर नहरमा क्षति पुऱ्याएको थियो । आयोजनाका कर्मचारी र अन्य कामदार गरी दैनिक ५० परिचालन गरी मर्मत गरिएको थियो । बाढीका कारण आयोजनामा झण्डै रु साढे चारदेखि पाँच करोडसम्मको क्षति भएको अनुमान गरिएको छ । मोदीखोलाको बहाव उच्च रहेकाले मुहानमा भएको क्षतिको विवरण अझै यकिन हुन नसकेको उनको भनाइ छ ।

शिवम् सिमेन्टद्वारा अदालतको आदेश अवज्ञा

प्राधिकरणको दुई अर्ब ३४ करोड महसुल बक्यौता

प्रभाव संवाददाता

काठमाडौं– नेपाल विद्युत् प्राधिकरण विद्युत् वितरण शाखा हेटौंडाले सञ्चालित शिवम् सिमेन्ट उद्योगबाट डेडिकेटेड फिडर विद्युत् लाइन प्रयोगबापतको रु दुई अर्ब ३४ करोड विद्युत् महसुल नतिरेको जनाएको छ ।

शिवम् सिमेन्टले विगत छ वर्षदेखि उद्योग सञ्चालनका लागि लिएको सो विद्युत् लाइनबापतको महसुल तिर्न बाँकी रहेको बताइएको छ । विसं २०७२ देखि २०७५ सम्मको डेडिकेटेड फिडर प्रयोग गरेको र त्यसको रकम नतिरेको वितरण शाखा प्रमुख योगेन्द्र ठाकुरले जानकारी दिए ।

SHIVAM CEMENT

शिवम् सिमेन्टले विद्युत् महसुल तिर्न आलटाल गरेपछि सो शाखाले लाइन काटिने सूचना प्रकाशन गरेको थियो । त्यसपछि उक्त उद्योगले प्राधिकरणको विरुद्धमा अदालत पुगेको थियो । पाटन उच्च अदालत हेटौंडाले प्राधिकरणको पक्षमा फैसला गरेको थियो । तथापि शिवम् सिमेन्ट उद्योगले डेडिकेटेड फिडर प्रयोगबापतको महसुल बुझाउन आनाकानी गर्दैआएको प्रमुख ठाकुरको भनाइ छ ।

शिवम्ले प्राधिकरणलाई तिर्नुपर्ने रकम रु एक अर्ब २१ करोड रहेको भए पनि हालसम्म महसुल नतिरेको कारण अहिले जरिवानासहितको रकम रु दुई अर्ब ३४ करोड पुगेको हेटौंडा वितरण शाखाको लेखा शाखाले जनाएको छ । उता उद्योगको व्यवस्थापन पक्षमा उक्त महसुलको बक्यौता सम्बन्धमा जानकारी लिन खोज्दा सम्पर्क हुन सकेन । हेटौंडा विद्युत् शाखाअन्तर्गत करिब ६० हजार विद्युत् मिटर लिने ग्राहक रहेको छ ।

विद्युत् सेवा लिएबापत मासिक रु १८ करोड विद्युत् महसुल प्राप्त हुने गरेको बताइएको छ । अवैधरूपमा विद्युत् चोरी गर्ने र महसुल नतिर्नेमाथि कारवाही र निरन्तर अनुगमन भइरहेको ठाकुरले जानकरी दिएको छ । साथै विद्युत् रकम नबुझाउनेको लाइन काट्ने कार्य पनि जारी रहेको उनले भने । अहिले नयाँ ट्रान्सफर्मर जडान गर्ने र पुरानो काठका पोल विस्थापित गर्ने काम उक्त शाखाबाट भइरहेको छ ।

सञ्चार माध्यमले निष्पक्ष भई जनतालाई सकारात्मक उत्प्रेरणा दिने खालको तथ्यपूर्ण सूचना र जानकारी दिने खालका सामाग्री सम्प्रेषण गर्नुपर्दछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना
प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : धुम्बराही-४, काठमाडौं, नेपाल, फोन/फ्याक्स नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, सम्पादकः कमलराज राई